मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक १९३ • २०८२ साल जेष्ठ १३ गते मंगलबार • Tuesday 27, May 2025 • सूर्योदयः बिहान ५:१२ बजे • सूर्यास्तः साँझ ६:५२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## उजुरी फिर्तापछि सरसफाइकर्मी काममा

**मधेशदृष्टि**
**राजविराज ।**
योजना अधिकृतसहित ३ जनालाई कारबाही माग्दै राजविराज नगरपालिकाका कार्यबाहक मेयरले सप्तरी प्रहरीमा दिएको उजुरी फिर्ता लिएकि छिन् । सरसफाइकर्मी पनि काममा फर्किएका छन् । योजना अधिकृत मनोज यादवसहित आरोपित ३ जनाले गल्ती स्वीकार्दै त्यस्तो गतिविधि नगर्ने प्रतिबद्धता जनाएपछि मेयर इशरत परबिनलेले उजुरी फिर्ता लिएकी हुन् । ५ दिनदेखि धर्नामा बसेका सरसफाइकर्मीको आन्दोलन पनि रोकिएको हो । पाँच दिनदेखि नउठेको फोहोर पनि उठेकोछ । कार्यालयमा उपद्रव मच्चाएका योजना अधिकृत यादव, राजविराज-१३ का गजेन्द्र यादव र राजविराज-९ का सुधिर यादवविरुद्ध प्रहरीमा उजुरी परेको थियो । यादवले सरसफाइकर्मीलाई पनि गालीगलौज गरेका थिए ।

## जनतामा न्यायको पहुँच बढाउन पालिकामा वकिलको व्यवस्था

**मधेशदृष्टि**
**बारा ।**
कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले जनताको न्यायमा पहुँच बढाउन न्यायिक समितिको भूमिका अतुलनीय रहेको बताएका छन् । मन्त्री चौरसियाले समुचित तालिम, स्पष्ट प्रक्रिया र व्यवहारिक ज्ञानबिना अपेक्षित परिणाम हासिल गर्न नसकिने बताए ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा सोमबार बाराको कलैयामा स्थानीय तहका न्यायिक समितिका पदाधिकारी र कर्मचारीलाई लक्षित गरी आयोजित क्षमता अभिवृद्धि तालिममा मन्त्री चौरसियाले मन्त्रालयले सबै जिल्लामा निःशुल्क मुद्दा लड्ने व्यवस्थाका साथै प्रत्येक पालिकामा कानूनी सहायता दिने वकिलको विवरण सार्वजनिक गर्ने तयारी गरिरहेको जानकारी दिए ।

उनले आगामी दिनमा कानून संशोधनमार्फत अझ प्रभावकारी व्यवस्था ल्याउने तयारी भइरहेको उल्लेख गर्दै अग्रिम जमानतको व्यवस्था गर्न मन्त्रालय अगाडि बढेको बताए ।

तालिममा बाराका ८० न्यायिक समिति संयोजक, सदस्य तथा कर्मचारीको सहभागिता थियो । कार्यक्रममा बाराका जिल्ला न्यायाधीश कोमल प्रसाद आचार्यले न्याय सम्पादनमा स्वच्छता, निष्पक्षता र व्यावहारिक सिद्धान्त अवलम्बन गर्न सुझाव दिँदै, न्यायिक समितिबाट अपनाइनुपर्ने प्रक्रियाका विषयमा विस्तृत जानकारी दिए ।

## 'अनुचित दबाब नदिए बेरुजु घट्दोरहेछ'

कानून, नियम र प्रक्रियाले मिल्ने काम मात्रै गर्न कर्मचारीलाई प्रोत्साहित गर्दै आएका छौँ र बेरुजु कसरी कम गर्न सकिन्छ भन्नेमा ध्यान दिई काम गर्न निर्देशन दिएका छौँ । यसैले वीरगंज महानगरको बेरुजु लगातार घटाउन सफल भएका छौँ ।



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले मेयर राजेशमान सिंहको कार्यकालमा बेरुजु रकम घटाउन उल्लेखनीय प्रगति हासिल गरेको छ । महानगरपालिकाको बेरुजु वार्षिकरूपमा घट्दै गएको महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनले देखाएको छ ।

मेयर सिंह निर्वाचित हुनुअघि आर्थिक वर्ष २०७८–७९ मा वीरगंज महानगरको बेरुजु रकम ६७ करोड ७८ लाख १० हजार रुपैयाँ थियो । त्यसयता, यो रकम क्रमिकरूपमा घट्दै गएको छ । आर्थिक वर्ष २०७९–८० मा बेरुजु रकम घटेर ५० करोड ९१ लाख ५० हजार रुपैयाँमा झरेको छ । यस आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा पेश्की बेरुजु करिब ८ करोड रुपैयाँले घटेर ७८ लाख ८१ हजार रुपैयाँ मात्र देखिएको छ । आर्थिक वर्ष २०८०–८१ मा वीरगंज महानगरको बेरुजु रकम २२ करोड ७५ लाख ३३ हजार रुपैयाँमा सीमित भएको छ । पेश्की बेरुजु ५१ लाख ५० हजार रुपैयाँ मात्र छ ।

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०–८१ मा वीरगंज महानगरपालिकामा गरेको ६ अर्ब २८ करोड १६ लाख ५१ हजार रुपैयाँ बराबरको लेखापरीक्षणमा भेटिएको बेरुजु रकम लेखापरीक्षण भएको रकमको ३.६२ प्रतिशत मात्र हो । वीरगंज महानगरपालिकाका आन्तरिक लेखा परीक्षक हरिशंकर कुर्मीले खर्च प्रक्रियामा सुधार आएकाले बेरुजु घटेको बताए । उनका अनुसार, हालका जनप्रतिनिधिबाट अनुचित दबाब नहुनु र कर्मचारीले सबै प्रक्रिया पूरा गरेर काम गर्नु पनि बेरुजु घट्नुको प्रमुख कारण हो ।

मेयर राजेशमान सिंहले पनि भुक्तानी लगायतका काममा कर्मचारीलाई कुनै दबाब नदिने गरेको स्पष्ट पारेका छन् ।

उनले कानून, नियम र प्रक्रियाले मिल्ने काम मात्रै गर्न कर्मचारीलाई प्रोत्साहित गर्दै आएको र बेरुजु कसरी कम गर्न सकिन्छ भन्नेमा ध्यान दिई काम गर्न निर्देशन दिइरहेको बताए ।

## बजेटमा सञ्चारलाई सम्बोधन गरिन्छः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा सञ्चार क्षेत्रलाई प्राथमिकतामा राख्नेगरी छलफल अघि बढाएको बताएका छन् । पत्रकार र सञ्चार क्षेत्रको हितका लागि विभिन्न विषयबस्तु समावेश गरिएको ध्यानाकर्षण पत्र बुझाउन सोमबार मुख्यमन्त्रीको सरकारी निवास मधेश भवन पुगेका नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा नेतृत्वको पत्रकारको टोलीलाई सम्बोधन गर्ने क्रममा उनले ध्यानाकर्षणपत्रमा उल्लेख भएका धेरैजसो विषयवस्तुलाई अगामी नीति तथा कार्यक्रममा समेटन लागेको बताए ।

उनले नेपाल पत्रकार महासंघ मधेश प्रदेशको भवन निर्माणका लागि चालु आर्थिक वर्षमा पनि बजेट विनियोजन भएको उल्लेख गर्दै भवन निर्माणका लागि आवश्यक जग्गा अभावमा यस वर्ष बजेट सञ्चालन हुन नसकेको बताए । उनले पत्रकार महासंघ मधेश प्रदेशको भवन निर्माणका लागि आवश्यक जग्गाको टुङ्गो लाग्नेवित्तिकै प्रदेश सरकारले त्यसका लागि बजेटको व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले प्रदेश सरकारसँग सीमित स्रोतसाधन रहेको भन्दै अटाउन सकिने विषयलाई अगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## प्रधानमन्त्रीको अभिव्यक्तिले मुठभेड निम्तनेः साह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीले 'जेठ ११ गते ११ बजेदेखि दिउँसो २ बजेसम्म काठमाडौँ नेकपा (एमाले)ले नियन्त्रणमा लिनुपर्छ' भनेर दिएको अभिव्यक्ति आपत्तिजनक रहेको बताएका छन् ।

साहले सामाजिक सञ्जाल फेसबुकमार्फत प्रधानमन्त्री ओलीको अभिव्यक्तिले शान्ति सुव्यवस्था खल्बल्याउने, सदभाव भड्काउने र देशलाई मुठभेडतर्फ धकेल्ने गैरजिम्मेवार भएकाले फिर्ता लिई आत्मालोचना गर्न सुझाव दिएका छन् । प्रधानमन्त्री ओलीको अभिव्यक्ति कानूनी शासनको उपहास मात्र नभई दण्डनीय अपराध भएको साहले भनेका छन् । शान्तिसुरक्षा र अमनचयनको जिम्मेवारी लिएका प्रधानमन्त्री ओलीबाटै गैरजिम्मेवार अभिव्यक्ति आउनु देशलाई मुठभेडतर्फ धकेल्ने काम भएको उनले जनाए ।

'संविधान र कानूनको रक्षा एवम् शान्ति सुरक्षा र अमनचयन कायम गर्ने जिम्मा लिएको प्रधानमन्त्री जस्तो जिम्मेवार व्यक्तिले शान्ति सुव्यवस्था खल्बल्याउने, सद्भाव भडकाउने र देशलाई मुठभेडतर्फ धकेल्ने गैरजिम्मेवार अभिव्यक्ति दिनु कानूनी शासनको उपहास मात्र नभई दण्डनीय अपराध हो,' साहले लेखेका छन् ।

## जसपा सांसद कुशवाहाको घरमा अख्तियारको छापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशका सांसद तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता सरोजसिंह कुशवाहाको घरमा छापा मारेको छ । महोत्तरी क्षेत्र नम्बर–४ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य कुशवाहाको घरमा सोमबार बिहानै अख्तियारको टोलीले छापा हानेको हो । छापाको क्रममा सांसदका स्वकीय सचिव विनोदकुमारलाल कायस्थलाई नियन्त्रणमा लिइएको अख्तियार स्रोतले जनाएको छ । आयोगको टोलीले विभिन्न योजनासम्बन्धी सरकारी कागजातहरू पनि बरामद गरेको पुष्टि भएको छ । सांसद कुशवाहा भने हालसम्म सम्पर्कविहीन रहेको स्रोतको भनाइ छ । सांसद कुशवाहाले मधेश प्रदेश सरकारबाट आफैँले जिम्मा पाएका योजना बिक्री गरेको भन्ने गोप्य सूचनाको आधारमा आयोगको टोलीले छापा मारेको हो । ती योजना विभिन्न निर्माण तथा सेवाप्रदायक कम्पनीलाई अवैधानिक रूपमा बुझाइएको आशंका गरिएको छ । योजनाहरूको विनियोजन, बजेट स्वीकृति र कार्यान्वयन प्रक्रियामा अनियमितता भएको भन्दै अनुसन्धान अघि बढाइएको छ । सांसद कुशवाहा यसअघि मधेश प्रदेश सरकारमा आन्तरिक मामिला तथा कानून राज्यमन्त्रीको रूपमा कार्यरत थिए । उनी दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । हालैका दिनमा अख्तियारले प्रदेश तहमा अनुसन्धान र छापा मार्ने कार्य तीव्र बनाएको छ । विभिन्न प्रदेशका योजना विभाग, नगरपालिकामा भइरहेको भ्रष्टाचारका सूचनाका आधारमा छापा मार्ने क्रम बढेको हो । यसअघि पनि केही ठूला योजनामा सरकारी कर्मचारी र ठेकेदारको मिलेमतोमा हुने अनियमितताको विषयमा कारबाही भइसकेको छ ।

## वडाध्यक्षको घरमा स्थानीयद्वारा तोडफोड

**मधेशदृष्टि**
**सर्लाही ।**
मलंगवा नगरपालिका वडा नम्बर ७ मुसैलीका वडाअध्यक्ष ईशा मिकरानीको घरमा तोडफोडसहित ढुंगामुढा प्रहार भएको छ । तोडफोडमा मिकरानीको घरको सिसा फुटेको छ । सोमबार साँझ घरभित्र रहेका बेला केही व्यक्ति आएर मोटरसाइकल तोडफोड गरी घरको सिसा फुटाइदिएको मिकरानीले बताए । वडाअध्यक्ष मिकरानी र विपक्षी स्थानीयबीच पटकपटक विवाद हुँदै आएको छ ।

यता स्थानीय विवेक यादवले आफूमाथि वडाअध्यक्षको छोराले कुटपिट गरेपछि विवाद शुरु भएको आरोप लगाए । मलंगवा–७ मुसैलीका वडाअध्यक्ष मिकरानी र केही स्थानीयबीच करिब ३ वर्षअगाडि पनि कुटपिट हुँदा मिकरानी गम्भीर घाइते भएका थिए । कुटपिटको आरोप लागेका गाउँकै विवेक यादवले भने आफूहरुमाथि पहिला वडाअध्यक्षका छोराले आक्रमण गरेको दाबी गरे । कुटपिट हुँदा केही घाइते भएको र उनीहरुको उपचार भइरहेको बुझिएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम् डिएसपी सरोज राईका अनुसार घटनामा संलनमाथि हालसम्म जाहेरी परेको छैन ।

## 'जेहादी आतंकवादविरुद्ध जनमत तयार पारौँ'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय एकता अभियानले काठमाडौँमा आयोजित 'पाकिस्तानी जेहादी आतंकवाद र नेपालको सुरक्षा चुनौती' विषयक बहस कार्यक्रममा वक्ताहरुले भारत–नेपाल खुला सिमानाको दुरुपयोग गर्दै पाकिस्तान समर्थित आतंकवादी समूहले नेपाललाई आन्तरिक सुरक्षा चुनौती बनाउँदै लगेको गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

कार्यक्रममा पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक (अवकाशप्राप्त डिआइजी) राजेश कर्ण ले पाकिस्तानी आतंककारी गतिविधिविरुद्ध नेपाल सतर्क रहनु पर्ने आवश्यकतामा जोड दिए । प्रमुख वक्ताका रूपमा वरिष्ठ पत्रकार युगनाथ शर्मा पौडेल, राष्ट्रिय एकता अभियानका अध्यक्ष एवम् सभापति विनय यादवले आतंकवादका बदलिँदो रूप र त्यसको क्षेत्रीय प्रभावबारे धारणा राखे ।वक्ताहरुले सन् १९८० को दशकदेखि नै पाकिस्तानको गुप्तचर संस्था आइएसआइले भारतको कश्मीरमा आतंक फैलाउन नेपालभित्र घुसपैठ र आर्थिक, धार्मिक नेटवर्कको निर्माण गरेको प्रमाणसहित चर्चा गरे । नेपाल भारत खुला सीमाको दुरुपयोग गर्दै पाकिस्तानी आतंकी सञ्जालले नेपालको धर्मिक सहिष्णुता, सामाजिक सद्भाव र अन्तर्राष्ट्रिय छविमाथि प्रश्न खडा गरिरहेको उनीहरूको ठहर थियो ।

'नेपालमा आतंकवादको स्थायी शृंखला नबनाओस् भन्ने हाम्रो साझा जिम्मेवारी हो,' कार्यक्रमका प्रमुख वक्ता युगनाथ शर्मा पौडेलले भने, 'अब हामीले खुलारूपमा विश्व समुदायसामु आवाज उठाउनु पर्छ कि नेपाल पाकिस्तानी आतंकको भूइँचालो बन्ने छैन ।' उनले आतंककारी अब्दुल करिम टुण्डा, सैफुल्लाह, यासिन भटकलजस्ता कुख्यात आतङ्ककारीले नेपाललाई लुक्ने, योजना बनाउने र पासपोर्ट परिवर्तन गर्ने सुरक्षाविहीन स्थल बनाएको ऐतिहासिक घटना स्मरण गराए । नेपाल प्रहरीले यिनलाई पक्राउ गरे पनि नेपालभित्र यस्तो आतंकी उपस्थिति हुनु नै राष्ट्रिय सुरक्षाको गम्भीर चुनौती भएको पौडेलको तर्क थियो । पौडेलले भने, 'सार्कको निष्क्रियता र पाकिस्तानकै कारण क्षेत्रीय एकता संकटमा परेको छ । सार्क पाकिस्तानले आतंकवादको राजनीति गर्दा कोमामा पुगेको संस्था बनेको छ ।' पौडेलले थपे, 'पाकिस्तानी आतङ्ककारी प्रवृत्तिविरुद्ध अब नेपाल पनि स्पष्ट पक्षमा उभिनुपर्छ । यसका लागि सञ्चारकर्मी, नागरिक समाज, सरकार र सुरक्षा निकायले एकजुट भएर अन्तर्राष्ट्रिय जनमत निर्माण गर्नुपर्छ ।'

कार्यक्रममा सहभागी वक्ताहरुले पछिल्लो समय जम्मु–कश्मीरको पहलगाममा नेपाली युवक सुदीप नेउपानेको हत्या पाकिस्तान–प्रेरित आतंकवादको एक नमूना भएको टिप्पणी गरे । 'यो एक दुर्घटना मात्र होइन, पाकिस्तानको आतंकवादले नेपालका युवालाई कस्तो प्रकारको खतरा दिन सक्छ भन्ने चेतावनी पनि हो,' विनय यादवले भने । यादवले भने, 'अब हाम्रो कूटनीतिक नीति स्पष्ट हुनुपर्छ, नेपाल कुनै पनि आतंकवादी संगठनको लुकाउने भूमिमा परिणत हुने छैन ।' उनले नेपाल–भारत सम्बन्धमा असहजता ल्याउने उद्देश्यले पाकिस्तानले लगातार नेपाल प्रयोग गर्ने रणनीति अपनाएको बताए । कार्यक्रममा अभियानका उपाध्यक्ष भूपेन्द्र चौधरी, रिता साह, जयनारायण यादव, रवि शाह, कालनन्द मिश्रलगायत पत्रकार, सुरक्षा विश्लेषक, अनुसन्धानकर्ता, पूर्व अधिकारी, राजनीतिक विश्लेषक तथा विभिन्न क्षेत्रका बुद्धिजीवीको उल्लेखनीय उपस्थिति थियो । कार्यक्रम सञ्चालन अभियानका केन्द्रीय सदस्य चन्द्र यदुवंशीले गरेका थिए ।

## शिक्षा र स्वास्थ्यप्रति सिंहको गम्भीर चिन्ता

**राजिव साह**
**सर्लाही ।**
मधेश प्रदेशको सर्लाही क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभामा निर्वाचित स्वतन्त्र सांसद डा. अमरेश कुमार सिंहले आफ्नो निर्वाचन क्षेत्रमा जारी अनुगमन तथा अध्ययन भ्रमणक्रममा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रका गम्भीर समस्याबारेमा चासो व्यक्त गरेका छन् । सोमबार दिनभर गोडैता नगरपालिकाको विभिन्न वडा निरीक्षणक्रममा सांसद सिंहले नगरप्रमुख देवेन्द्र प्रसाद यादव, सुरक्षाकर्मी र स्थानीय प्रतिनिधिसँग मिलेर विद्यालय, विकास निर्माण तथा जनसरोकारका विषयमा प्रत्यक्ष अवलोकन तथा छलफल गरेका हुन् ।

मधेशदृष्टिसँग उनले भने, 'मधेश प्रदेशको शिक्षाको अवस्था अहिले पनि कर्णाली प्रदेश भन्दा तल हुनु गम्भीर विषय हो । विकासका नाममा देखावटीभन्दा वास्तविक सुधार आवश्यक छ ।' सांसद सिंहले शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रको पछिल्लो अवस्था, स्थानीय सरकारको कार्यशैली र संघीयतापछि देखिएका व्यवहारिक समस्याबारे धारणा राखे ।

'जनतालाई अन्याय भएको सहन सक्दिनँ, जनताको पीडालाई संसददेखि सञ्चारमाध्यमसम्म आवाज दिनेछु,' उनले भने ।

# पर्यटकलाई कुनै पनि कानुनी र प्रशासनिक झन्झटको अवस्था आउन नदिन प्रधानमन्त्रीको निर्देशन

**काठमाडौँ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल आउने पर्यटकलाई कुनै पनि कानुनी र प्रशासनिक झञ्झट नदिइ न्यानो आतिथ्य दिन आग्रह गरेका छन ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयद्वारा सोमवार सिंहदरबारमा आयोजित राष्ट्रिय पर्यटन संवादमा उनले विद्यमान अवरोधहरू हटाइ सुशासन र विकासको गतिलाई अगाडि बढाउन व्यापक सुधारका लागि निर्देशन दिएका हुन ।

अध्यागमनमा यात्रुलाई अनावश्यक दुःख दिने, लगेज हराउने, सीमा नाकाहरूमा पर्यटक प्रवेश गर्दा अनेक बाहना बनाउने जस्ता कार्य अन्त्य हुनुपर्नेमा प्रधानमन्त्री ओलीले जोड दिए । 'हामीले पूर्वाधार विकाससँगै पर्यटन वृद्धिको कोसिस गरिरहेका छौँ । सम्पर्क सञ्जाल विस्तार गरिएकाले नेपाल अब दुर्गम रहेन । जुम्लाको स्याउ काठमाडौँ राम्ररी आएर बजार पाउन थालेको छ । चीनसँग १४ नाका खोलिएका छन् । किमाथाङ्का नाकामा पुल बन्दैछ', प्रधानमन्त्री ओलीले भने, 'केही पनि नभएका ठाउँमा एकैपटक सबै थोक गर्न पर्दा समय लाग्छ । केही पनि भएन भनेर चिन्ता गर्नुपर्ने अवस्था छैन । सम्बन्धित निकायबाट हुनुपर्ने सहजीकरणका काममा कुनै कमजोरी नगरी समृद्धिको आधारका रूपमा पर्यटनलाई अघि बढाऔँ ।'

प्रधानमन्त्री ओलीले नेपालको आकाश सुरक्षित भए पनि युरोपको आकाश नेपालका लागि अझै प्रतिबन्धित (कालो सूची) रहेकामा सर्तबमोजिम हवाई क्षेत्रका दुई निकायलाई अविलम्ब अलग्याउन र अरु मापदण्ड पनि पूरा गर्न सम्बन्धित निकायलाई निर्देशन दिए ।

छलफलमा काठमाडौँ–मुग्लिन–पोखरा, बुटवल–पाल्पा–पोखरा, काठमाडौँ–धुलिखेललगायत मुख्य सडकहरू समयमै निर्माण, सीमा नाकाहरूबाट पर्यटकको प्रवेशमा सहजता, युरोपियन मुलुकमा सिधा हवाई सम्पर्क, विश्वमञ्चमा नेपालको ब्राण्डिङ, पर्यटन प्रवर्द्धनको गुरुयोजना निर्माण, नेपाल वायुसेवा निगमको पुनःसंरचना, सगरमाथा संवादपश्चात् त्यसका निष्कर्ष कार्यान्वयन, गुणस्तरीय लगानी, जनशक्ति व्यवस्थापन, कर तथा मुद्रा सटहीमा सहजता, हिमालयको सफाइ, डिजिटल क्षमता विस्तार र अन्तर निकाय समन्वय वृद्धि गर्नुपर्नेमा जोड दिएका छन ।

सङ्का सम्बन्धित मन्त्रीहरू, प्रदेश सरकारका पर्यटन हेर्ने मन्त्रीहरू, उच्चाधिकारी र निजी क्षेत्रका प्रतिनिधि सहभागी कार्यक्रममा पर्यटन क्षेत्रमा विद्यमान समस्या र समाधनका उपायबारे निजी क्षेत्रबाट प्राप्त सुझावसमेतको आधारमा तयार गरिएको कार्ययोजना प्रस्तुत गरिएको थियो ।रासस

# आयोजनाको वर्गीकरण र प्राथमिकताका आधारमा बजेट विनियोजन हुने

**काठमाडौँ ।**

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यसवर्षको बजेट विनियोजन आयोजनाको वर्गीकरण र प्राथमिकताका आधारमा हुने बताएका छन । उनले 'पपुलिस्ट' बजेट नआउने बताए । सोमवार आयोजित लमजुङको दोर्दी गाउँपालिकाको प्रगति विवरण तथा आगामी आर्थिक वर्ष २०८२÷८३ को वार्षिक बजेट तथा कार्यक्रमका लागि सुझाव सङ्कलन एवं अन्तरक्रियामा मन्त्री गुरुङले चर्चा मात्रै हुने कार्यान्वयन गर्न नसकिने बजेट निरुत्साहित गरिने बताए । सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले भने 'धेरै पैसा खर्च भएर अलपत्र परेका योजना थुप्रै छन्, त्यस्ता अलपत्र योजना पूरा गर्न बजेटले प्राथमिकता पाउँछ ।' कुनै 'स्टिमेट' नगरी बनेका योजना बजेटको प्राथमिकतामा नपर्ने उनले बताए । राष्ट्रिय गौरवका योजना सफल पार्न भने सरकारले जोड दिने मन्त्री गुरुङले जानकारी दिए । पाँच÷छ वटा राष्ट्रिय गौरवका योजना सम्पन्न गर्ने काममा सरकार केन्द्रित रहेको उनको भनाइ छ ।

उनले दोर्दी गाउँपालिकाले गरेको राम्रा कामको प्रशंसा गर्दै स्थानीय तहले बजेट बनाउँदा त्यहाँका बासिन्दाको जीवनस्तर उकास्ने, आर्थिक समृद्धि ल्याउने र गरिबी निवारण गर्ने योजनामा केन्द्रित हुन सुझाव दिए । 'सडक र बाटोघाटो जस्ता ठूला योजना सङ्घीय सरकारले गर्छ', उनले भने,'स्थानीय सरकारले गरिबी हटाउने र रोजगार सिर्जना गर्ने योजना बजेटको प्राथमिकतामा राख्नुपर्छ ।'

सूचना प्रविधि युगको समयमा विद्युतीय सुशासन कार्यशैली प्रभावकारी बनाउन स्थानीय तहमा डिजिटल पहुँच विस्तारमा मन्त्रालयले जोड दिएको उहाँले उल्लेख गरे । पालिकाले हालसम्मको प्रगति विवरण सार्वजनिक गरेको थियो । जसमा कृषि, रोजगार, स्वास्थ्य, शिक्षा क्षेत्रमा सफलता हासिल गरेको प्रतिवेदन प्रस्तुत गरिएको थियो ।रासस

# गुणस्तरीय शिक्षा दिने व्यवस्था गरेर विदेशी विद्यार्थीलाई नेपालमा आकर्षित गरिनुपर्छः सभापति देउवा



**काठमाडौँ ।**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गुणस्तरीय शिक्षा दिने व्यवस्था गरेर विदेशी विद्यार्थीका लागि पनि नेपाललाई शिक्षाको हब बनाउनुपर्नेमा जोड दिएका छन ।

कांग्रेस शिक्षा विभागले सोमवार आयोजना गरेको शिक्षा नीति विषयक बहस कार्यक्रममा उनले शिक्षा नै महत्वपूर्ण विषय भएकाले यसको गुणस्तर सुधार गरी स्वदेशी विद्यार्थीलाई देशमै रोक्ने र विदेशी विद्यार्थीलाई पनि आकर्षित गर्ने गरी नीति निर्माण गर्न लागिपर्ने प्रतिबद्धतासमेत जनाए ।

सभापति देउवाले सबै आमाबाबुको इच्छा छोरा छोरीलाई राम्रो शिक्षा दिने भएकाले त्यो पूरा गर्ने गरी व्यवस्था गरिनुपर्ने धारणा राखे । उनले शिक्षा सभ्यता पनि भएकाले यसले गाउँदेखि सहरसम्मका मानिसलाई शिक्षित भएर अघि बढाउने पनि सभापति देउवाको भनाइ थियो ।

विभाग प्रमुख नैनसिंह महरले शिक्षालाई अनुसन्धानमुखी बनाउने गरी नीति निर्माण गरिनुपर्ने आवश्यकता औँल्याए ।रासस

## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

### अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.मुडवलबा वडा नं.१ हाल राजदेवी न.पा. ७ मा बस्ने मगनी भगतको छोरा बुहारी राम विलाश रायको पत्नी चम्पा देवी, मगनी भगतको नाती नथुनी राय यादवको छोरा सिताराम राय यादव र नथुनी राय यादवको नाती जलन्धर रायको छोरा मनोज कुमार समेतले रौ.जि.अ.को अंश दर्ता मुद्धामा दे.न.२०८६।०५८।५९ मिति २०५९।०२।१९ को मिलापत्र बमोजिम अप्रमाणित जग्गा प्रमाणित गर्रा आफनो नाउमा दा.खा. नामसारी साथै मोठ श्रेष्ता कायम गरी पाउ भनि माग निवेदन आएकोमा जि.रौ.गा.वि.स.मुडवलवा वडा नं.३ कि.न. ८० को मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको ज.ध.मा झगडा मात्र उल्लेख रहेको साथै गा.वि.स.लक्ष्मीपुर बेलविछवा वडा नं.७ किता नं. ४९ को ०- १-१३ मोठ कायम नरहेको सो जग्गा छुट दर्ता जग्गा दा.खा.बाकी समेत रहेको भनि मोठ फाटवाट लेखिआएको साथै राजदेवी न.पा.७ को च.न.३८३ मिति २०८१।०८।१४ सिफारीश समेतमा छुट जग्गा दर्ता गरी दा.खा.नामसारी समेत गरीदिने सिफारीश भै आएको सो छुट जग्गाको हकदावी वारे ३५ दिने सार्वजनिक सुचना जारी गरिएको छ । निजको तिन पुस्ते भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भै जाने छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | मुडवलवा | ३ | ८० | ०- ०-१७ | झगडा |
| ,, | लक्ष्मीपुर बे. | ७ | ४९ | ०- १-१३ | मोठ श्रेष्ता नभएको |

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रमुख शाखा ,गितामन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति १५ दिने लिलाम बिक्रिको सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणाकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८१/१२/०५ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सुचना प्रकाशित भएको **मितिले १६ औं दिन (१६ औं दिन बिदा परेकोमा लगतै कार्यलय खुलेको दिन) अर्थात मिती २०८२/०२/२८ गते बुधबारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

**१)ऋणीको नाम, ठेगाना**

**क**) औषधी ऐन २०३५ र औषधी नियमावली २०३८ बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जन संख्या मन्त्रालय, औषधी व्यवस्था बिभाग कार्यलयबाट दर्ता भै नं. र.प.नं. ३८००६१२१३११५६ अन्तरगत मिति २०८०/०६/१२ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजेश्व विभाग, विरगंजबाट दर्ता भै स्थायी लेखा नम्बर १२२५६२०१७ भएको पर्सा वीरगंज महानगरपालीका वडा नं. ०४,विर्तामा कार्यलय रहेको **श्री सर्राफ ड्रग एजेन्सी ।**

**ख**) औषधी ऐन, २०३५ र औषधी नियमावली, २०३८ बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जन संख्या मन्त्रालय, औषधी व्यवस्था बिभाग कार्यलयबाट दर्ता भै नं. र.प.नं. ३८००५१९११५६१६ अन्तरगत मिति २०८०/०५/१९ मा दर्ता कायम भई प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मधेश प्रदेश सरकार, उधोग,वाणिज्य तथा पर्यटन मन्त्रालय, उधोग विभाग ,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, विरगंज,पर्सा अन्तर्गत मिति २०८०/१०/११ गतेमा दर्ता भै प्रा.फ.र.नं: २-२२-२६०-२४४/२०८०/८१, अन्तर्गत दर्ता कायम भई पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं. १६ कार्यलय रहेको श्री **शान्ति भवानी फार्मेसी ।**

**ग**) बिन्देश्वरी सर्राफको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, विनोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६८२० ,जारी मिति २०६७/०६/२५ जि.प्र.का. पर्सा) बर्ष **४९ की गिता देवी सर्राफ ।**

**कर्जाको प्रकार:-ब्यवसायीक अधिविकर्ष कर्जा , घर कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

**क**) बिन्देश्वरी सर्राफको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, विनोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६८२० जारी मिति २०६७/०६/२५ जि.प्र.का. पर्सा) बर्ष **४९ की गिता देवी सर्राफ** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, विरगंज उ.म.न.पा वडा नं.**११** स्थित कित्ता नं. **१८०** को जम्मा क्षेत्रफल **८४.६५** व.मी. को घरजग्गा ।

**ख**) असर्फी साह सर्राफको नाति ,राजेश्वर प्रसाद सर्राफको छोरा, जिल्ला पर्सा वीरगंज वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७५,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **५३ को प्रमोद कुमार सर्राफ** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, विरगंज उ.म.न.पा वडा नं.**१** स्थित कित्ता नं. ३८७ को जम्मा क्षेत्रफल १४६.०२ व.मी. को घरजग्गा ।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) असर्फी साह सर्राफको नाति राजेश्वर प्रसाद सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७८ जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **४२ को बीरभूषण सर्राफ ।**

**ख**) असर्फी साह सर्राफको नाति राजेश्वर प्रसाद सर्राफको छोरा जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७५ ,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **५३ को प्रमोद कुमार सर्राफ ।**

**ग**) बिन्देश्वरी सर्राफको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, विनोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६८२० मिति २०६७/०६/२५ जि.प्र.का. पर्सा) बर्ष **४९ की गिता देवी सर्राफ ।**

**घ**) राजेश्वर प्रसाद सर्राफको नाति, प्रमोद कुमार सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ३४-०१-७०-१३१७८ ,जारी मिति २०७०/१२/०५ जि.प्र.का., पर्सा) बर्ष **२८ को प्रशान्त कुमार सर्राफ ।**

**ङ**) राजेश्वर प्रसाद सर्राफको नाती, बिनोद कुमार सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-८०-०११४८ ,जारी मिति २०८०/०१/०२ जि.प्र.का. पर्सा) बर्ष **२० को प्रिन्स सर्राफ ।**

**च**) नगनारायण साहको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, प्रमोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६७९४ ,जारी मिति २०६७/०६/२४ जि.प्र.का. पर्सा) बर्ष **५२ की पुनिता देवी सर्राफ ।**

**छ**) राजेश्वर प्रसाद सर्राफको नाति, हिदय नारायण सर्राफको छोरा, जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-७८-०११५४ ,जारी मिति २०७८/०४/०८ जि.प्र.का. पर्सा) बर्ष **२२ को रंजित सर्राफ ।**

**ज**) अजय साहको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, बीरभूषण सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६८०७, जारी मिति २०६७/०६/२४ जि.प्र.का. पर्सा) बर्ष **४२ की शिल्पा देवी सर्राफ ।**

**झ**) राजेश्वर प्रसाद सर्राफको नाति ,प्रमोद कुमार सर्राफको छोरा, जिल्ला पर्सा, वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-७६-०१०९८ ,जारी मिति २०७६/०१/२० जि.प्र.का., पर्सा) बर्ष **२६ को सिद्धान्त सर्राफ ।**

ञ)राधेश्याम प्रसाद साहको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, हिदय नारायण सर्राफको पत्नी जिल्ला बारा,सिसहनिया-४(हाल: जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ११३७/१४२७, जारी मिति २०५०/११/१५ जि.प्र.का. पर्सा) बर्ष **४८ की उमा कुमारी सर्राफ ।**

**ट**) राजेश्वर प्रसाद सर्राफको नाति ,हिदय नारायण सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-७८-०११५३,जारी मिति २०७८/०४/०८ जि.प्र.का. पर्सा) बर्ष **२५ को रोहित सर्राफ ।**

**ठ**) असर्फी साह सर्राफको नाति ,राजेश्वर प्रसाद सर्राफको छोरा, जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७६,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **४८ को हिदय नारायण सर्राफ ।**

**ड**) असर्फी साह सर्राफको नाति राजेश्वर प्रसाद सर्राफको छोरा जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७७ ,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **५० को विनोद कुमार सर्राफ ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ जेठ २७ गते मंगलबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ जेठ २८ गते बुधबार दिउँसो ४:०० बजे सम्म ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# दिव्याङ्गमैत्री नीतिको आवश्यकता: नेता यादव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



दिव्याङ्ग व्यक्तिहरूलाई समाजको पूर्ण भागका रूपमा आत्मनिर्भर बनाउँदै जीवनयापन गर्न सहयोग पुर्याउन राज्यले तत्काल नीतिगत पहल गर्नुपर्नेमा जनता समाजवादी पार्टी नेपालका नेता तथा मधेश प्रदेशसभा सदस्य रामअशिष यादवले जोड दिएका छन् । जनकपुरधाममा आयोजित तीनदिने प्रदेशस्तरीय दिव्याङ्ग सशक्तिकरण तालिमको समापन समारोहमा प्रमुख अतिथिका रूपमा बोल्दै नेता यादवले दिव्याङ्गहरुको जीवन सहज र सम्मानजनक बनाउन आवश्यक सेवा, सुविधा र स्रोतसाधनलाई सरल र पहुँचयोग्य बनाइनुपर्ने बताए ।

'दिव्याङ्गहरु आत्मनिर्भर बन्न सकून् भन्ने उद्देश्यले राज्यले आवश्यक शीप, तालिम, सामग्री र आर्थिक सहायताको उचित व्यवस्था गर्नुपर्छ,' उनले भने, 'ह्वीलचेयर, बैशाखी, सेतो छडीजस्ता आवश्यक सामग्री सरल रूपमा उपलब्ध गरिनुपर्छ, न कि मागेर पाउने वस्तु बनाइयोस् ।' नेता यादवले दिव्याङ्ग व्यक्तिको स्वास्थ्य परीक्षण गरी वितरण गरिएको दिव्याङ्ग परिचयपत्र अनुसार बैंक खातामै न्यायोचित सहयोग रकम नियमित रूपमा प्रवाह गर्न आवश्यक रहेको बताए । उनले अझै पनि धेरै दिव्याङ्ग नागरिक राज्यका सेवा–सुविधाबाट वञ्चित रहेको उल्लेख गर्दै अब प्रदेश सरकारले विशेष योजनामार्फत उनीहरूलाई प्रणालीमा समेट्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा आपाङ्ग संघ धनुषाका अध्यक्ष शत्रुधन लाल कर्णको अध्यक्षता तथा संघका प्रदेश अध्यक्ष किरण पासमान, विज्ञ कृष्ण कुमाङ, जयप्रकाश ठाकुर र शुशिल साह लगायतका वक्ताहरूले दिव्याङ्ग अधिकार, अवसर र सामाजिक समावेशितामा केन्द्रित विचार प्रस्तुत गरेका थिए । वक्ताहरूले समावेशी नीति निर्माण, शारीरिक पहुँचयुक्त पूर्वाधार, रोजगारीमा आरक्षण, दिव्याङ्ग अनुकुल सार्वजनिक यातायात र शिक्षामा विशेष सहुलियत जस्ता विषयमा प्रदेश सरकारको ध्यानाकर्षण गराए ।

तालिममा मधेश प्रदेशका ८ जिल्लाबाट विभिन्न प्रकृतिका दिव्याङ्गहरूको सहभागीता रहेको आयोजक संस्थाले जनाएको छ । तालिमले सहभागीहरूमा आत्मविश्वास, कानुनी अधिकारको ज्ञान र संस्थागत सहभागिता प्रवद्र्धन गरेको अनुभव सुनाइएको थियो ।

# मालपोत कार्यालयमा सेवा प्रवाहमा चरम समस्या

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा जिल्लाको पोखरिया नगरपालिकास्थित मालपोत कार्यालयमा सेवा प्रवाहमा चरम समस्या देखिएको छ । जनशक्ति, प्रविधि र पूर्वाधारको अभावले गर्दा कार्यालयमा दैनिक सेवा लिन आउने सेवाग्राहीहरूलाई भारी मर्का परेको छ ।

सेवाग्राहीहरूका अनुसार विद्युत् आपूर्ति अनियमित हुनु, जेनेरेटरको अभाव र कमजोर कम्प्युटर नेटवर्कका कारण कामकाज ठप्प हुने अवस्था बारम्बार दोहोरिएको छ । कतिपयले कार्यालयमा आधारभूत सुविधा समेत नभएको बताउँदै सरकारको उपेक्षाप्रति गहिरो असन्तुष्टि जनाएका छन् । स्थानीय बासिन्दाहरूले तत्काल स्थायी नेटवर्कको सुनिश्चितता, जेनेरेटरको व्यवस्था र आवश्यक जनशक्ति थप गर्न माग गरेका छन् । साथै, कार्यालयमा डिजिटल प्रविधिको प्रभावकारी प्रयोग गरिनुपर्नेमा समेत जोड दिएका छन् ।

# दलतन्त्रविरुद्धको अन्तर्क्रिया कार्यक्रममा भव्य सहभागिता जुटाउने निर्णय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

आम जनता पार्टी (आजपा) को जनकपुरधाम उपमहानगरपालिका–१९ मा वडा स्तरीय पदाधिकारी बैठक सम्पन्न भएको छ । वडा अध्यक्ष विनोद ठाकुरको अध्यक्षतामा सम्पन्न बैठकमा पार्टीका शीर्ष नेताहरूको उपस्थिति रहेको थियो । बैठकमा मधेश प्रदेश इन्चार्ज श्रीचन मुखिया, प्रदेश अध्यक्ष उमेश कुशवाहा र पार्टी धनुषा अध्यक्ष राम सागर महासेठको विशेष उपस्थिति रहेको थियो । बेंगा टोलमा आयोजित बैठकमा वडास्तरीय संगठन सुदृढीकरण, दलतन्त्रको विरुद्ध उभिने रणनीति र आसन्न कार्यक्रमको तयारीबारे महत्वपूर्ण निर्णयहरू गरिएका छन् । बैठकले यही जेठ १७ गते जनकपुरधाममा दलतन्त्रविरुद्धको अन्तक्रिरया कार्यक्रम भव्य जनसहभागितासहित सम्पन्न गर्ने निर्णय गरेको छ । कार्यक्रममा पार्टीका केन्द्रीय नेताहरू, बुद्धिजीवी, नागरिक समाज, युवाहरू र कार्यकर्ताको व्यापक उपस्थिति सुनिश्चित गर्न सबै वडास्तरीय कार्यकर्तालाई सक्रिय भूमिका खेल्न आह्वान गरिएको छ । बैठकमा बोल्ने वक्ताहरूले दलतन्त्रको नाममा मौलाउँदै गएको भ्रष्टाचार, गुटबन्दी र नेतृत्वहीनताको आलोचना गर्दै जनताको अधिकार सुरक्षित राख्न अब वैकल्पिक नेतृत्वको आवश्यकता रहेको धारणा राखे ।

प्रदेश अध्यक्ष कुशवाहाले भने, 'मधेशमा विकास होइन, दलतन्त्र हावी छ । हामी अब राजनीतिक सफाइ अभियानमार्फत जनविश्वास पुनःस्थापित गर्न चाहन्छौं ।'

बैठकले आगामी महिनाभर वडा–वडा घुमेर संगठन विस्तार, नयाँ सदस्यता वितरण, युवा परिचालन र महिला सहभागिता बढाउने रणनीति पनि तय गरेको छ । यसबाट जनस्तरमा पार्टीको प्रभाव विस्तार र आगामी चुनावको तयारी सशक्त बनाइने जनाइएको छ ।

# चुरे संरक्षणमा ठोस पहल नभए आन्दोलनमा उत्रिने चेतावनी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशका नवनियुक्त वन तथा वातावरण मन्त्री संजय यादवसँग चुरे बचाउ अभियान नेपालले चुरे क्षेत्रको संरक्षण र विभागीय अनियमितताबारे गम्भीर छलफल गर्दै तत्काल सुधारको माग प्रस्तुत गरेको छ । अभियानले मन्त्रीसँगको भेटमा एक साताभित्र सत्यतथ्य सार्वजनिक नभए संघर्षमा उत्रिने चेतावनी दिएको छ । चुरे बचाउ अभियान नेपालका अध्यक्ष सुनिल कुमार यादवका अनुसार चुरे क्षेत्रमा हाल भइरहेको अवैध वन फडानी, दोहन, क्रसर उद्योगको दुरुपयोग र बजारकरणको नाममा भइरहेको अतिक्रमणले वातावरणीय संकट निम्त्याइरहेको छ । विशेषगरी रौतहट डिभिजन वन कार्यालय अन्तर्गतका गतिविधिहरूले चुरे संरक्षणमा गम्भीर चुनौती खडा गरेको उनको भनाइ छ । 'मन्त्रीसँग चुरेको दीर्घकालीन संरक्षण, नीति सुधार र विभागीय पारदर्शिता सम्बन्धमा गम्भीर छलफल भएको छ,' अध्यक्ष यादवले भने, 'उहाँको धारणा सकारात्मक देखियो । तर, व्यवहारमा त्यो कति कार्यान्वयन हुन्छ, त्यो अब हेर्न बाँकी छ ।' अभियानले मन्त्री यादवसँग भएको संवादलाई अवसरको रूपमा लिंदै सरकारलाई तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेको छ । रौतहट डिभिजन वन कार्यालय प्रमुख हेमन्त साहको कार्यकालमा देखिएका अनियमितता, नीति उल्लंघन तथा वनजन्य स्रोतहरूको दुरुपयोगप्रति पनि अभियानले गम्भीर आपत्ति जनाउँदै निष्पक्ष छानबिनको माग गरेको छ । 'यदि सरकारले सत्यतथ्य सार्वजनिक गर्न ढिलाइ गर्यो भने हामी बाध्य भएर सडकमा उत्रिन्छौं,' यादवले चेतावनी दिए । चुरे क्षेत्र मधेश प्रदेशको वातावरणीय सन्तुलनका लागि अति संवेदनशील क्षेत्र हो । तर, पछिल्लो एक दशकमा अवैध क्रसर सञ्चालन, बिनाअनुमति दोहन र वन जमिनको अतिक्रमणका कारण यस क्षेत्रको जैविक विविधता, जलस्रोत र माटो संरचनामा गम्भीर असर परेको छ । चुरे बचाउ अभियानले सरकारसँग

चुरे संरक्षणका लागि स्पष्ट, दिगो र प्रभावकारी नीति निर्माण, अवैध दोहन र वन फडानीमा संलग्नहरूलाई कारबाही, वनजन्य स्रोतहरूको वैज्ञानिक व्यवस्थापन, स्थानीय जनताको सक्रिय सहभागिता र वन प्रशासनमा पारदर्शिता र भ्रष्टाचारमुक्त प्रणालीको विकास गर्न माग गरेको छ ।

# तरकारी बजार सार्वजनिक जग्गामा स्थानान्तरण हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**

वर्षौंदेखि वीरगंजको घण्टाघर नजिकैको विपी उद्यानमा अनियमित रूपमा सञ्चालनमा रहेको तरकारी बजार अन्ततः व्यवस्थित रूपमा छपकैयास्थित सार्वजनिक जग्गामा स्थानान्तरण हुने भएको छ । वीरगंज महानगरपालिकाले स्थानान्तरणको प्रक्रिया अन्तिम चरणमा पुगेको जनाएको छ । महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार वडा नम्बर–२ स्थित रेल्वे रोडसँग जोडिएको ३२ कठ्ठा सार्वजनिक जग्गामा नयाँ तरकारी बजार निर्माण गरिएको हो । बजारका लागि सटरसहितको सेड, शौचालय, वाउण्ड्री वाल जस्ता पूर्वाधारहरू महानगरकै बजेटमा निर्माण गरिएको छ । नवनिर्मित सेडलाई व्यवस्थापन गर्न छिट्टै टेण्डरमार्फत ठेक्कामा दिने तयारी भइरहेको र त्यसपछि विपी उद्यानमा रहेको बजारलाई पूर्ण रूपमा स्थानान्तरण गरिने प्रशासकीय अधिकृत कर्णले जानकारी दिए ।

# भन्सार अधिकृतमाथि भएको कुटपिट घटनाप्रति भन्सार एजेन्ट संघको ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**

कैलाली भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत अनन्त प्रसाद तिमिल्सिनामाथि भन्सार परिसरभित्र कुटपिट भएको घटनाप्रति वीरगंज भन्सार एजेन्ट संघ पर्साको गम्भिर ध्यानाकर्षण भएको छ । संघले सोमबार एक प्रेस विज्ञप्ती जारी गर्दै घटनाप्रति धोर भत्सर्ना गर्दै घटनाको निप्पक्ष छानविन गर्न माग गरेको छ । शान्ति शुशासनको प्रत्याभूतिको ग्यारेन्टीसहित कुटपिटमा संलग्न व्यक्तिहरुलाई कडाभन्दा कडा कारवाही गर्न माग गरिएको संघका पर्सा अध्यक्ष राममान तमाङ्गद्धारा जारी विज्ञप्तीमा उल्लेख छ । साथै सोमबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म वीरगंज भन्सार एजेन्ट संघका पदाधिकारी र सदस्यहरु पेनडाउन गरि हातमा कालोपट्टी बाँधेर विरोध प्रर्दशन गरेका थिए । वीरगंज भन्सार कार्यालय र सुख्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुखहरुलाई ज्ञापन बुझाइएको वीरगंज भन्सार एजेन्ट संघका अध्यक्ष राजमान तमाङ्गले जानकारी दिए ।

# ४५ दिने सीपमूलक तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

'आर्थिक समृद्धिको आधार, लघु उद्यममार्फत रोजगार' भन्ने मूल नाराका साथ वीरगंजमा ४५ दिने ह्याण्ड इम्ब्रोडरी सम्बन्धी सीपमूलक तालिम सम्पन्न भएको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत महानगरपालिकाको आयोजनामा वडा नम्बर ३० लालपर्सामा तालिम सञ्चालन भएको थियो । कार्यक्रम विशेषगरी स्थानीय महिलाहरूलाई लक्षित गरी स्वरोजगार, सिप विकास र आर्थिक सशक्तीकरणको उद्देश्यले सञ्चालन गरिएको थियो । सोमबार आयोजित तालिम समापन समारोहमा प्रमुख अतिथि वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले सहभागी महिलाहरूलाई प्रमाणपत्र वितरण गर्दै तालिमको प्रभावकारिताबारे उल्लेख गरे । त्यसैगरी, महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले पनि कार्यक्रमको प्रशंसा गर्दै स्थानीय तहबाट सञ्चालित यस्ता सिप विकास कार्यक्रमहरू सामाजिक रूपान्तरणको माध्यम बन्न सक्ने बताए । तालिममा सहभागी महिलाहरूले ह्याण्ड इम्ब्रोडरी सम्बन्धी विविध डिजाइन, कपडामा कलात्मक कढाई गर्ने सीप र बजारमा कसरी आफैं उत्पादन बेच्ने भन्ने विषयमा प्रशिक्षण लिएका थिए । उनीहरूले तालिमले आफूहरूमा आत्मविश्वास र सीप दुवै अभिवद्धि गरेको प्रतिक्रिया दिएका छन् । महानगरपालिकाले यस्ता सिपमूलक कार्यक्रमलाई नगरका अन्य वडाहरूमा पनि विस्तार गर्ने योजना बनाएको छ । कार्यक्रमको माध्यमबाट महिलाहरूले साना उद्यम स्थापना गरी आफ्नो आर्थिक हैसियत उकास्न सक्ने अपेक्षा गरिएको छ । समापन कार्यक्रममा वडा नम्बर ३० का वडाध्यक्ष मनोज यादव, महानगरपालिकाका आर्थिक विकाश महाशाखा प्रमुख राजकृष्ण ताम्राकार, महानगर प्रमुखका राजनीतिक सल्लाहकार उमेशलाल सहनी लगायतको सहभागिता रहेको थियो ।

# ५३ लाख बढीमा बागवानीको आँप ठेक्कामा

**सर्लाही ।**

उष्ण प्रदेशिय बागवानी केन्द्र सर्लाही नवलपुरले ५३ लाख बढी मूल्यमा यस वर्षको लागि आँप बिक्री ठेक्का लगाएको छ । केन्द्रले लालबन्दी नगरपालिका–२, बागवानीमा उत्पादन भएको आँप बिक्रीको लागि जम्मा ५३ लाख ७१ हजारमा ठेक्का लगाएको हो । दोस्रो पटक आँप बिक्रीका लागि निकालेको सूचनाअनुसार सुरज निर्माण सेवा लालबन्दी–१, पुनर्वासले उक्त मूल्यमा ठेक्का सकारेको केन्द्रका निमित्त वरिष्ठ बागवानी विकास अधिकृत रामकुमार यादवले जानकारी दिए ।

निमित्त प्रमुख यादवका अनुसार यस वर्ष आँप गत वर्षको तुलनामा दुई गुणा बढी मूल्यमा ठेक्का लागेको हो । गत वर्ष २१ लाख १५ हजारमा मात्र ठेक्का लागेको थियो । 'गत वर्ष अफ सिजन थियो । त्यसैले आँप निकै कम फल्यो । ठेक्का कम रकममा लागेको हो', निमित्त प्रमुख यादवले भने । यसवर्ष सिजन भएकाले धेरै फलेको उनको भनाइ छ । उत्पादन बढेकाले बागवानीले ७१ लाख ११ हजार १२१ बिक्री मूल्य राखेर गत वैशाख १६ गते प्रथम पटक बिक्री सूचना निकालेको थियो । तर, १५ दिनको म्याद अवधिमा आँप ठेक्काको निवेदन नपरेको उनले बताए । त्यसपछि केन्द्रले फेरि गत जेठ १ गते ५१ लाख ७५ हजार मूल्य राखेर दोस्रो पटक सात दिनको लागि सूचना निकालेको हो । ठेक्का लगाउने समयमा हावाहुरीले आँपमा क्षति गरेकाले ठेक्का मूल्य घटाउनुपरेको केन्द्रका निमित्त प्रमुख यादवको भनाइ छ । यस केन्द्रले अहिले सम्मकै धेरै आर्थिक वर्ष २०७९÷८० मा एक करोड ११ लाखमा आँप बिक्री गरेको थियो । यहाँ करिब एक सय बिघा क्षेत्रफलमा आँपका ६ हजार वटा रूख छन् । त्यसमध्ये वर्सेनि तीन हजार पाँच सय बढी रुखमा मात्र फल लाग्ने गरेको छ । बागवानी केन्द्रमा मालदह, दशहरी, बम्बै, आम्रपाली, मल्लिका, निलमसहित ३५ बढी जातको आँप उत्पादन हुने गरेको निमित्त केन्द्र प्रमुख यादवले बताए । रासस


## जलेश्वर नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
जलेश्वर, मधेश प्रदेश , नेपाल

कार्यालय:०४४-५२००८७
फैक्स :०४४-५२०१४३
बारूणयन्त्र:०४४-५२००९७

**आशय- पत्र सम्बन्धी सूचना ।**

यस जलेश्वर नगरपालिकाबाट आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि खरीद कार्यको लागि मिति २०८२/०२/०१ गतेको मधेश दृष्टी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम फर्म सप्लार्यसवाट मिति २०८२/०१/३१ गते पेश हुन आएको बोलपत्र देहाय अनुसारको फर्म सगं खरिद गर्ने भनी मूल्यांकन समितिवाट मिति २०८२/०२/११ गतेको निणर्य सिफारिस भई आएकोले आश्यपत्र सम्वन्धी सूचना प्रकाशित गरिएको छ । कुनै फर्मको सो सम्बन्धमा प्रतिक्रिया भए ७ दिन भित्र यस नगरपालिका मा पेश गर्न अनुरोध छ ।

| सि.न. | कार्यको योजनाको विवरण | ठेक्का न | लइ रकम | कबोल रकम | फमको नाम ठेगाना |
|---|---|---|---|---|---|
| १ | आकस्मिक सेवाको लागि औषधि खरिद | 03/NCB/1S1E/GOODS/JM/2081/082 | 1633815.81 | 391094 45 | लभ मेडिकल हाल जलेश्वर ४ |

"पवित्र,सुन्दर,हरित,समृद्ध ,जलेश्वर"
Web:www.jaleshwarmun.gov.np, email:info@jaleshwarmun.gov.np


# अव्यवस्थित तार हटाउने अभियान तीव्र

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका वडा नं. ५ मा सडक किनार र गल्लीहरूमा अव्यवस्थित रूपमा झुण्डिएका इन्टरनेट, केबुल र टेलिफोनका छाडा तारहरू हटाउने अभियान तीव्र रूपमा अघि बढाइएको छ ।

वडाध्यक्ष प्रदीप चौरसियाको नेतृत्वमा शुरु गरिएको यो अभियानप्रति स्थानीय बासिन्दाले सकारात्मक प्रतिक्रिया दिएका छन् । वडाध्यक्ष चौरसियाका अनुसार लामो समयदेखि सडकछेउमा झुन्डिएका तारहरूले न केवल आगलागीको जोखिम बढाएको थियो, तर आवागमनमा पनि बाधा पुर्याउँदै आएका थिए । कार्यको शुरुवात वडा नं. ५ का विभिन्न गल्ली र टोलहरूबाट गरिएको हो । अभियानमा वडासचिव अरुण बस्नेतको पनि सक्रिय भूमिका रहेको छ । प्राविधिक टिमको सहकार्यमा तार व्यवस्थापनलाई दिगो र सुरक्षित बनाउन आवश्यक तयारीहरू भइरहेको वडाले जनाएको छ ।

# ६१ जनाले गरे रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजको ठाकुरराम बहुमुखी क्याम्पसमा सोमबार आयोजित रक्तदान कार्यक्रममा ६१ जनाले रक्तदान गरेका छन् । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) ले क्याम्पस परिसरमै आयोजना गरेको रक्तदान कार्यक्रममा १ महिलासहित ६१ जनाले रक्तदान गरेका हुन् । रक्तदान गर्नेहरुमा नेविसंघका केन्द्रिय सदस्य मुनराज तिवारी, स्ववियु उपसभापति राहुल दास, चन्दन मिश्रा, इम्तियाज हुसेन, अमन पटेल, राजु पटेल, दीपकराज यादव, आलोक सिंह, अरुण कुमार पटेल लगायतका रहेको रक्त सञ्चार केन्द्र वीरगंजले जनाएको छ ।

सम्पादकीय

# अपराधको डरलाग्दो अवस्था

*महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्ध हुने अपराध डरलाग्दो ढंगले बढिरहेको छ । आर्थिक वर्ष २०८०–८१ मा २० हजार ९ सय ५४ आपराधिक घटना दर्ताले अपराधको आँकडा बढिरहेको देखिएको हो । अझ दुःखको विषय यो छ कि मधेश प्रदेशमै यस्तो अपराध बढी देखिएको छ।*

*५ हजार ५ सय ९६ घरेलु हिंसा र ३ सय १७ बलात्कारका घटनाले मधेशको अपराधको आँकडा डरलाग्दो हुने नै भयो । महिला हिंसाका दृष्टिले सबैभन्दा संवेदनशील क्षेत्र मधेश बनेको छ । घरेलु हिंसा, बलात्कार, बाल यौन दुव्र्यवहार, बहुविवाह र बालविवाहजस्ता अपराधमा वृद्धि भइरहेको छ । हरेक वर्ष अपारधका घटना वृद्धिले सचेत हुने बेला भएको छ । समाजमा महिला र बालबालिकाको असुरक्षित रहेको देखिन्छ।*

*मधेश प्रदेशमा ५ हजार ५ सय ९६ घरेलु हिंसा, ३ सय १७ बलात्कार, २७ बाल यौन दुव्र्यवहार र १०६ बहुविवाहका मुद्दा दर्ता नै भएका छन् । गाउँमै कतिपय घटना मिलाउने गरिन्छ । मधेशमा सबैभन्दा बढी अपराधका घटना हुने मात्र होइन मिलापत्रको प्रयास पनि बढी नै हुने गरेको देखिन्छ । महिला र बालबालिकामाथिको हिंसा रोक्न प्रहरीले चलाएको जनचेतनामूलक कार्यक्रम, महिला सेलको सक्रियता र समुदायसँग सहकार्यमा आधारित रणनीतिलाई पनि अपराधीहरुले चुनौती दिएका छन् । समाजको मानसिकता, डर र चुपचाप सहनुपर्ने संस्कारले धेरै घटना उजागर हुन सक्दैन । कानून पर्याप्त छैन र पहुँच पनि बन्दैन । अन्याय सहनु पर्ने अवस्था छ।*

*राज्य संयन्त्रको कमजोरी, सामाजिक अपहेलनाको डर र न्याय प्रणालीमा पहुँचको अभावले अपराधीहरु सुरक्षित छन् । देशभर गत आर्थिक वर्ष २०८०–८१ मा ३ सय ६३ बाल यौन दुव्र्यवहार र १ सय ६६ मानव बेचबिखनका मुद्दा दर्ता भएका छन् । लुम्बिनी, कर्णाली र काठमाडौं उपत्यकामा देखिएको भए पनि मधेश प्रदेशमा यस्ता घटनाको रिपोर्ट हुनै नसकेको पनि कैयौँ उदाहरण छन् । घरेलु हिंसासम्बन्धी ऐन २०६६, बालबालिकासम्बन्धी ऐन २०७५ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ जस्ता कानूनी संरचना नभएको होइन । तर, पीडितलाई सुरक्षा, न्यायमा सहज पहुँच र अपराधीलाई कडा सजाय नहुँदा समाजमा अपराधको आँकडा बढ्दो छ।*

# उद्योगमा ऊर्जा दक्षताको सफल अभ्यास

**कृष्ण अधिकारी**

आर्थिक विकासको मेरुदण्ड भनेकै औद्योगिक विकास हो । औद्योगिक क्षेत्रमा अत्याधुनिक उपकरण र प्रविधिको प्रयोग गरेर कम विद्युत् खपत गरी ऊर्जा दक्षता बढाउन सकिन्छ । उद्योगमा बिजुलीको खपत कम गर्नु भनेको जनशक्ति घटाउनु, असल अभ्यास थाल्नु, कामदारहरूलाई सुस्वास्थ्य एवं सुरक्षित राख्नु, मुनाफा बढाउनु र अन्ततः पर्यावरणीय स्वच्छतामै सकारात्मक योगदान पुयाउनु हो।

दिगो विकासका लक्ष्य हासिल गर्न, हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न, पर्यावरणीय असन्तुलन घटाउन तथा जलवायु परिवर्तनका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्नसमेत ऊर्जा दक्षताले महत्वपूर्ण योगदान पुऱ्याउँछ । उद्योगमा ऊर्जाको दक्षतापूर्वक उपयोग गर्ने हो भने २० प्रतिशत ऊर्जा बचत गर्न सकिन्छ । घर तथा व्यापारिक क्षेत्रमा कुनै अध्ययन नभए पनि १० देखि ३० प्रतिशतसम्म ऊर्जा बचत गर्न सकिने आकलन छ । यसै पनि ऊर्जा उत्पादनभन्दा ऊर्जा बचत तुलनात्मक रुपमा सस्तो र प्रभावकारी हुन्छ।

ऊर्जा दक्षताबाट रकमको बचत, ऊर्जा खपतमा कटौती, विद्युतीय आगलागीबारे पूर्वजानकारी, कुल लागत खर्चमा कटौती, काम गर्ने वातावरणमा सुधार, फोहोरको मात्रामा कटौती, प्राकृतिक स्रोतको संरक्षण र उत्पादनको गुणस्तरमा सुधारलगायतका फाइदा हुन्छ । ऊर्जा प्रयोगमा दक्ष उपाय अपनाउँदा उद्योगहरूले खपत गरिरहेको कुल विद्युत्मध्ये १० देखि ४२ प्रतिशतसम्म बचत गर्नसक्ने विभिन्न अध्ययनले देखाएको छ । एसियाली विकास बैङ्कले देशका एक सय औद्योगिक निकाय, कम्पनी र प्रतिष्ठानहरूमा गरेको अध्ययनले सिमेन्ट उद्योगमा ४२ प्रतिशतसम्म विद्युत् बचत गर्न सकिने देखाएको छ । यसबाहेक होटेलमा ३९ प्रतिशत, साबुन तथा रसायन उद्योगमा ३६ प्रतिशतसम्म ऊर्जा बचत गर्न सकिने देखिएको छ।

ऊर्जा उपयोगसँग सम्बन्धित उपाय, प्रविधि तथा उपकरणहरूको माध्यमबाट हुने ऊर्जाको कुशल उपयोग नै ऊर्जा दक्षता हो । त्यस्ता उपकरण, मेसिनले उद्योगमा स–साना परिवर्तन गरेर ऊर्जादक्षता हासिल गर्न सकिन्छ । सुरुमा उपकरण किन्दाको लागत तत्काललाई ठूलो देखिए पनि दक्ष ऊर्जा खपतले खर्चलाई व्यापक रूपमा घटाउनेछ । उदाहरणका रूपमा इँटाभट्टालाई लिन सक्छौँ । सर्वाधिक ऊर्जा खपत गर्नेमध्ये चिम्नी इँटाभट्टामा सानो सुधारबाट पनि करिब ३५ प्रतिशतसम्म ऊर्जाबचत गर्न सकिने अध्ययनले देखाएको छ।

उद्योग र ऊर्जा एक अर्काका परिपूरक नै हुन् । ऊर्जाको मुख्य खपत हुने क्षेत्र भनेको उद्योग नै हो । औद्योगिक विकास आर्थिक समृद्धिको प्रमुख आधार हो भने ऊर्जा एक प्रमुख माध्यम हो । ऊर्जा बचाएर काम गर्न सक्यौँ र अत्याधुनिक प्रविधिमैत्री बन्यौँ भने आर्थिक भार निकै घट्नेछ । नेपालमा उद्योगको सङ्ख्या करिब ६० हजार छ । केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय औद्योगिक सर्वेक्षणअनुसार औद्योगिक उत्पादन क्षेत्रमा मात्रै करिब ५७ हजार उद्योग सञ्चालनमा छन् । उद्योगमा पनि इँटा, फलाम, सिमेन्ट, डण्डी, धागो, साबुन, होटल, कागज र डेरी उद्योगले बढी विद्युत् खपत गर्छन्।

उद्योगमा दक्षतापूर्वक ऊर्जाको उपभोग गर्नका लागि सर्वप्रथम ऊर्जा परीक्षण जरुरी हुन्छ । ऊर्जा परीक्षण भनेको उद्योग व्यवसाय, भवन, अस्पताल, होटेल, प्रतिष्ठान आदिमा ऊर्जा बचतका लागि ऊर्जा खपतको निरीक्षण, सर्वेक्षण र विश्लेषण गरी उत्पादनमा कुनै नकारात्मक असर नपारी ऊर्जा लागत कम गराउने प्रक्रिया हो । ऊर्जा परीक्षणद्वारा उद्योग व्यवसायमा ऊर्जाको खपत कति भइरहेको छ र कसरी ऊर्जा बचत गरी दक्ष बनाउने भनेर उपाय निकालिन्छ । ऊर्जा परीक्षणले ऊर्जा बचतका साथै लागत कम गरी उत्पादन क्षमतामा वृद्धि गर्दछ।

नेपालमा ऊर्जा दक्षताको प्रयोग

नेपालमा ऊर्जा दक्षताको प्रयोग अझै प्रारम्भिक चरणमै रहेको भए तापनि पछिल्लो केही वर्षहरूमा यसतर्फ ध्यान बढ्दै गएको छ । ऊर्जा आयातमा निर्भरता, जलविद्युत्को सीमित क्षमता र वातावरणीय चुनौतीहरूलाई दृष्टिगत गर्दै नेपालमा ऊर्जा दक्षताको प्रवद्र्धन अत्यावश्यक बन्दै गएको छ । खासगरी उद्योग क्षेत्रमा ऊर्जा दक्षताको आवश्यकता र महत्व अझ बढी रहेको छ । उद्योगमा ऊर्जा दक्षता भन्नाले उद्योगहरूले न्यूनतम ऊर्जाको प्रयोग गरेर अधिकतम उत्पादन हासिल गर्ने प्रक्रिया हो । यसले ऊर्जा बचत गर्नाका साथै लागत घटाउने, वातावरणमा पर्ने असर कम गर्ने र दिगो विकासमा टेवा पु¥याउने कार्य गर्दछ। नेपालको संविधानले नै ऊर्जा दक्षतालाई विशेष महत्व दिएको छ । धारा ५१ मा ‘नवीकरणीय ऊर्जाको उत्पादन र विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ तथा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने’ भन्ने उल्लेख छ । यसबाहेक औद्योगिक व्यवसाय ऐन, औद्योगिक नीति र जैविक ऊर्जा रणनीतिले पनि ऊर्जा दक्षतालाई सम्बोधन गरिएको छ । २०७५ मा जारी राष्ट्रिय ऊर्जा दक्षता रणनीतिले औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताको सम्भावनाहरुलाई उजागर गरेको छ । नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक संसद्मा पारित हुने प्रक्रियामा छ । वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र र नेपाल ऊर्जा दक्षता कार्यक्रम (निप) जस्ता संस्थाहरूले ऊर्जा अडिटमा सहयोग गर्दै आएका छन् । जर्मन विकास संस्था जिआइजेडको सहयोगमा सञ्चालन भएको यो कार्यक्रमले ऊर्जा दक्षता प्रवद्र्धनमा सहयोग पुऱ्याउँदै आएको छ।

उद्योगमा ऊर्जा दक्षता बढाउने विभिन्न उपायहरू हुन सक्छन् । ऊर्जा अडिटको माध्यमबाट उद्योगमा प्रयोग हुने ऊर्जा कहाँ कति खपत हुँदैछ भनेर अध्ययन गर्न सकिन्छ । पुराना मेसिन तथा उपकरणलाई ऊर्जा दक्ष प्रविधिसँग प्रतिस्थापन गर्ने, ऊर्जा व्यवस्थापन प्रणाली लागू गर्ने, उत्पादन प्रक्रियामा उत्पन्न हुने ऊर्जा वा खेर गएका वस्तुको पुनः प्रयोग गर्ने, ऊर्जा दक्ष अभ्यासमा कर्मचारीलाई प्रशिक्षित तुल्याउनेजस्ता कामहरु गर्न सकिन्छ । ऊर्जा दक्षता बढाउँदा उत्पादन लागतमा कमी, प्रतिस्पर्धात्मक लाभ, वातावरणीय असरमा कमी हुनाका साथै मुलुककै दिगो विकासमा योगदान पुग्दछ।

सफल अभ्यास

केही ठूला उद्योगहरू (जस्तै सिमेन्ट, स्टिल, चिनी, इँटा उद्योगहरू) ले ऊर्जा अडिट गर्न सुरु गरिसकेका छन् । कतिपय उद्योगहरुले ऊर्जा अडिट तथा मूल्याङ्कन, ऊर्जा दक्ष प्रविधिको प्रयोग जस्तैः लिड बल्ब र ऊर्जा दक्ष विद्युतीय उपकरणहरूको प्रयोग गर्न थालेका छन् । इँटा उद्योगहरूमा जिगज्याग प्रविधि जडान गरी कोइला र इन्धनको खपत घटाइएको छ । केही औद्योगिक समूहले सोलार प्रणाली, बेस्ट हिट रिकभरी र इन्धन दक्ष बायलरहरू प्रयोग गर्दै आएका छन्।

पञ्चकन्या समूह मातहतको पञ्चकन्या स्टिल्सको कारखानाको परम्परागत भट्टी र अरू मेसिनहरूको ऊर्जा दक्षता प्रणालीअनुरूप स्तरोन्नति गरेपछि विद्युत् खपतमा कमी आउनाका साथै उद्योगको समग्र प्रभावकारितामा सुधार आएको छ । यसले जनशक्तिमाथिको निर्भरता घटेको छ । विद्युत् र जनशक्तिको खर्च घटेपछि स्वाभाविक रूपमा यसले कम्पनीको मुनाफा पनि बढाएको छ । पञ्चकन्या स्टिल्सले यो कार्य सन् २०१८ बाट अघि बढाएको हो । सुरुमा कम्पनीले आफ्नो कारखानाको ऊर्जा परीक्षण (इनर्जी अडिट) गराएको थियो र त्यसका आधारमा क्रमशः ऊर्जा बचतका विकल्प एवं लागत कम गरेको थियो । यसका लागि कम्पनीले रु दुई करोड ७६ लाख जुटाएको थियो भने जर्मनी सरकारको आर्थिक सहयोग तथा विकास मन्त्रालयबाट रु ७८ लाख अनुदान सहयोग पाएको थियो । ऊर्जा दक्षताको प्रणालीले उद्योगलाई आर्थिक लाभ मात्रै होइन, पर्यावरण मैत्री उद्योगका रुपमा आफूलाई स्थापित गराएको छ।

ऊर्जा दक्षता सम्बन्धमा यस्तै सुखद अनुभव केडिया अर्गनाइजेसनको पनि छ । अर्गनाइजेसनअन्तर्गतको सीताराम गोकुल मिल्सले पनि सन् २०१७ मा ऊर्जा परीक्षण गराएको थियो । त्यसअनुसार मुख्य विद्युतीय प्रणाली र प्रशोधन एकाइको स्तरोन्नतिपछि वार्षिक ४४ हजार किलोवाट घण्टा ऊर्जा र २७ हजार लिटर इन्धन बचत भएको छ । यस उद्योगलाई पनि जर्मनको आर्थिक सहयोग तथा विकास मन्त्रालयबाट रु ७६ लाख प्राप्त भएको थियो भने उद्योग आफैँले रु २० लाख लगानी गरेको थियो । यो लगानी तीन वर्षमै उठ्नाका साथै उद्योगको वार्षिक खर्चमा धेरै कमी आएको छ।

ऊर्जा दक्षता प्रणालीको आवश्यकता

त्यसै पनि हाम्रा जलविद्युत् आयोजनाहरू ‘रन अफ रिभर’ प्रणालीमा आधारित छन्, जसले हिउँद–सुक्खायाममा जडित क्षमताका आधाभन्दा पनि कम विद्युत् उत्पादन गर्छन् । यतिखेर हाम्रो जडित जलविद्युत् उत्पादन क्षमता करिब तीन हजार ३०० मेगावाट मात्रै छभने त्यसको उपयोग पनि असाध्यै परम्परागत ढङ्गबाट भइरहेको छ । हिउँद लागेसँगै हाम्रो विद्युत्ले नपुग भई भारतबाट आयात गर्नु परिरहेको छ । बढी ऊर्जा खपत गर्ने कलकारखानाहरू पुरानै प्रणालीमा आधारित छन्, जसलाई स्तरोन्नति नगरेसम्म विद्युत्को माग कम हुन सक्दैन।

ऊर्जामा हाम्रो निर्भरता अझै पनि दाउरालगायतका परम्परागत प्राकृतिक स्रोतमै छ । त्यसपछि भनेको कोइला, जलविद्युत् र पेट्रोलियम इन्धनमा हो । जल तथा ऊर्जा आयोगको गत वर्षको तथ्याङ्कअनुसार दाउरालगायतका प्राकृतिक स्रोतको हिस्सा कुल ऊर्जा उपयोगमा ६४ प्रतिशत रहेको छभने पेट्रोलियम र कोइलालगायतका इन्धनको खपत २८ प्रतिशत छ । जबकि जलविद्युत् करिब पाँच प्रतिशत र वैकल्पिक ऊर्जा करिब तीन प्रतिशत मात्रै छ । राष्ट्रिय खपतका हिसाबले घरायसी प्रयोजनमै करिब ६१ प्रतिशत ऊर्जा खपत हुन्छ । त्यसपछि ऊर्जाको ठूलो अंश औद्योगिक एवं व्यावसायिक प्रयोजनमा २७ प्रतिशत, करिब साढे १० प्रतिशत ऊर्जा यातायात क्षेत्रमा उपभोग हुन्छ।

पछिल्लो समय बिजुलीका परम्परागत चिमभन्दा सिएफएल र एलइडी प्रविधिका चिम प्रयोगमा आएकाले ऊर्जा दक्षता अभियानलाई केही फाइदा पुगेको छ । केही वर्षयता बिजुलीबाट चल्ने निजी र सार्वजनिक सवारीसाधन बढिरहेकाले पेट्रोलियम पदार्थको आयात घट्न गई वैदेशिक व्यापारको स्थितिमा केही सुधार आएको छ । गत पुसको पहिलो साता सार्वजनिक भन्सार विभागको तथ्याङ्कमा चालु आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्मको पाँच महिनामा गत आर्थिक वर्षको यही अवधिको तुलनामा डिजेल र पेट्रोलको आयात क्रमशः २१ प्रतिशत र सात प्रतिशतले घटेको देखाएको छ । आगामी दिनमा विद्युत्को खपतमा वृद्धि र त्यसको दक्षतापूर्ण प्रयोग गर्न सकिएमा ऊर्जामा मुलुकलाई आत्मनिर्भर सजिलै सकिन्छ।

ऊर्जा दक्षताका लागि अनुदान

उद्योगी–व्यवसायीलाई ऊर्जा दक्षताका लागि अभिप्रेरित गर्न एउटा अनुदान कार्यक्रम पनि सुरु गरिएको छ । राष्ट्रिय वाणिज्य बैङ्क व्यवस्थापक रहेको यस अनुदान योजनाले उद्योग तथा व्यवसायलाई ऊर्जा दक्षताका उपायहरू अवलम्बन गर्न प्रोत्साहन गर्ने उद्देश्य लिएको छ । नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम नेपालमा दिगो ऊर्जामार्पmत पुनः प्राप्ति एवं सशक्तिकरण (रिप–ग्रिन) अन्तर्गत सञ्चालित यस योजनाबाट उद्योग–व्यवसायमा ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपतमा कमी ल्याई दिगो औद्योगिक विकासलाई बढावा दिने र कार्बन उत्सर्जन घटाउने लक्ष्य राखिएको छ । यस पहलअन्तर्गत ऊर्जा परीक्षकबाट सिफारिस भएका दक्षताका उपायहरू कार्यान्वयनका लागि प्रोत्साहित गर्न बैङ्कमार्फत आंशिक अनुदान उपलब्ध गराइन्छ।

अनुदान सञ्चालन निर्देशिकाअनुसार ऊर्जा दक्षताका उपायमा कुल आवश्यक लगानीको निश्चित प्रतिशत आंशिक अनुदान हुनेछभने बाँकी सहुलियतपूर्ण ब्याजदरको ऋण । यसका लागि योग्य ठहरिन उद्योग–व्यवसायले वातावरणीय मापदण्डहरूसमेत अवलम्बन गरेको हुनुपर्छ । यो कार्यक्रमले उद्योग तथा व्यवसायमा ऊर्जा दक्षताका उपायहरू अवलम्बन गर्दा आइपर्ने वित्तीय समस्यालाई सम्बोधन गरी ऊर्जा दक्षताका प्रविधिहरूमा लगानी गर्न उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्ने उद्देश्य राखेको छ । यसबाट ऊर्जा दक्षताको महत्वपूर्ण पक्ष मानिने ऊर्जा लागतमा कटौतीका साथै पर्यावरणीय लाभ तथा विदेशी विनिमयको सञ्चितिमा पनि टेवा पुग्नेछ । यसले दिगो ऊर्जा अभ्यासलाई बढावा दिने त छँदैछ, चक्रीय अर्थतन्त्रका सिद्धान्तलाई एकीकृत गर्न र उद्योग तथा व्यवसायमा मर्यादित कामको अभ्यासलाई प्रोत्साहित गर्नेजस्ता व्यापक लक्ष्यलाई समेटेको छ । यसले उद्योगहरूलाई ऊर्जा संरक्षण, जलवायु–अनुकूल अभ्यासमा योगदान पु¥याउन तथा मर्यादित कामका सिद्धान्त अवलम्बन गर्न व्यावहारिक बाटो देखाउनेछ।

जनचेतनाको अभाव, दक्ष जनशक्तिको कमी, ऊर्जा दक्ष उपकरणको उच्च लागत एवं स्पष्ट नीतिगत ढाँचा र प्रोत्साहनको अभावका कारण पनि उखेग क्षेत्रमा ऊर्जा दक्षताको विस्तार हुन सकेको छैन । ऊर्जा दक्षताको प्रभावकारिता अझ सशक्त बनाउन सरकार, निजी क्षेत्र, तथा विकास साझेदारहरूको सहकार्य आवश्यक छ । ऊर्जा पहुँचमा वृद्धि, ऊर्जा बजारलाई थप सस्तो र प्रतिस्पर्धी बनाउन सघाउने, रोजगारीको अवसर सिर्जना तथा एकीकृत दिगो विकास लक्ष्य हासिल गर्नेलगायतका रणनीतिक योजना कार्यान्वयनमा ध्यान दिन आवश्यक छ । रासस

# डरै डरमा मनाङका माटाका घर



नवीन लामिछाने

हिमाली क्षेत्रमा पानीपर्दैन भन्ने कथन पछिल्लो समय फेरिएको छ । विगतमा पानीको आवश्यकता नै हिउँले पूर्ति गर्ने हिमाली जिल्ला मनाङमा अहिले वर्षा हुन्छ । जसले गर्दा यहाँका माटाका छानो भएका घर मासिन थालेका छन्।

परम्परा तथा मौलिकता झल्कने गरी रैथाने सीप, ज्ञान र प्रविधिको प्रयोगबाट बनाइएका घरको छत नै माटोका राखिन्थ्यो । माटो जमाएर बनाइएका घर जलवायु परिवर्तनको चेपुवामा परेर कङ्क्रिटले बन्न थालेका छन् । वर्षायाम लागेसँगै माटाका घर डरैडरमा रहेका छन्।

विगतको तुलनामा मनाङमा औसतभन्दा अधिक वर्षा र लगातार झरी पर्न थालेपछि माटोले बनाइएका परम्परागत घरको छतले धान्न सक्ने अवस्था छैन । जसले गर्दा यहाँका घर पानीले भिजेर चुहिन थालेका छन् । पहिले माथिल्लो मनाङमा वर्षा नै हुँदैनथ्यो । अहिले विशेषगरी नार्पाभूमि गाउँपालिकाका नार र फुमा रहेका यस्ता पुरातन सांस्कृतिक शैलीमा निर्माण गरिएका घर वर्षाका कारण नासिँदै गएको गाउँपालिकाका अध्यक्ष कोञ्जो तेन्जिङ लामाले बताउनुभयो।

‘प्रकृतिसँग जुध्न सकिँदैन । प्रकृतिलाई फेर्न पनि सकिँदैन । जलवायु परिवर्तनले प्रत्यक्ष रूपमा प्रभाव पारेको देखिन्छ । परम्परागत तथा मौलिकता नै मासिने अवस्थामा पुगेको छ । यसका साथै परम्परागत संस्कृतिलाई समेत असर गरेको महसुस हुन्छ,’ उहाँले भन्नुभयो । विगतमा माथिल्लो मनाङमा वर्षा नहुने हुँदा यस्ता घर नै पहिचान बनेकामा अहिले फेरिँदै गएको उहाँको भनाइ छ।

सदरमुकाम चामेमा पुराना परम्परागत घरदेखिन छाडेका छन् । विकासको क्रमसँगै आधुनिकताले छोप्दै जाँदा नार्सों तथा चामे गाउँपालिकामा अधिकांश घर आरसिसी गरी निर्माण भएका पाइन्छन् । तर, मनाङ ङिस्याङ गाउँपालिका र नार्पाभूमि गाउँपालिकामा भने पुरातन शैलीका सांस्कृतिक सम्पदा अझै पनि देख्न सकिन्छ।

आफ्ना सन्ततिका लागि पूर्वजले बनाएका ऐतिहासिक सम्पदा, स्मारक, गुम्बा, छोर्तेन तथा देवस्थलको अस्तित्व नासिँदै जान थालेका छन् । एकातिर जलवायु परिवर्तनको प्रभावले घट्दो हिमपात, बढ्दो तापक्रम र वर्षाले मानिस तथा पशुचौपायाको स्वास्थ्य, सामाजिक, सांस्कृतिक धरो नासिने, रैथाने सीप, पहिचान तथा ज्ञान नासिने गरेको छ भने अर्कोतर्फ जैविक विविधता र पारिस्थितिकीय प्रणालीमा हानी पुर्याउने गरेको छ । हिउँ र पानी कम पर्ने चक्र फेरिएपछि हिमाली जीवनशैली र संस्कृतिमा पनि असर परेको अध्यक्ष लामाले बताउनुभयो । पर्यावरणीय प्रभावका कारण जीवनयापन, वातावरणीय अवस्था तथा आर्थिक–सामाजिक–सांस्कृतिक अवस्थामा फेरबदल हुँदै गएको छ।

‘पर्यटकको ‘हब’ का रूपमा परिचित मनाङमा आउने विदेशी पर्यटक तिलिचो जान मात्रै आउँदैनन् । उनीहरू यहाँको जीवनशैलीको अध्ययन गर्न पनि आउँछन्, हामीले गुम्बा, छार्तेन, माटाका घरलगायत मौलिक पहिचान बनेको मनाङवासीको संस्कृति संरक्षण गर्नुपर्छ,’ नार्पाभूमिका अध्यक्ष लामाले भन्नुभयो।

उहाँले नार्पाजातिको संस्कृति, रीतिरिवाज संरक्षण गर्न प्रतिबद्ध रहेको बताउनुभयो । नार्पाभूमिमा गाउँ छाड्दा साइत हेरेर मात्र निस्किने तथा छोर्तेन घुमेर गाउँ छिर्ने चलन अहिले पनि जीवन्त रहेको छ । गाउँको प्रवेशद्वारका रूपमा अहिले पनि छोर्तेन देख्न पाइन्छ।

यी परम्परागत गुम्बा छोर्तेन यहाँका सांस्कृतिक सम्पत्ति हुन् । संरक्षणको अभावमा यहाँका गुम्बा, छोर्तेन तथा माटाका घरको छानो चुहिएर दलिन, खम्बा र निदाल कुहिएर मक्किएका छन् । चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले अधिक वर्षा हुँदा यहाँका बासिन्दाले कङ्क्रिटका घर बनाउन बाध्य भएका बताउनुभयो । ‘विगतमा जस्तो पानीको आवश्यकता हिउँले पूरा गर्दैन । भारी वर्षा हुन्छ । जसले चिसो ठाउँ भएकाले वर्षाबाट बच्न माटाको घर फेरिन बाध्य भएका छौँ ं,’ उहाँले भन्नुभयो, ‘चामे–५ मा केही परम्परागत मौलिक घर थिए । अहिले ती पनि नासिँदै गएका छन् । जति वर्ष फेरिन्छ, त्यति वर्षा बढ्दा समस्या भएको छ।’

बाक्लो गारो भएको माटोको घरभित्र बस्दा जाडोमा न्यानो र गर्मीमा शीतल महसुस हुन्छ । यस्ता घरमा बस्दा जाडोयाममा चिसोजन्य रोगले छुँदैन । तर, आधुनिकता छुदै गर्दा आरसिसी घर बन्ने क्रम जारी छ । यस्ता घरमा गर्मीमा बढी गर्मी र जाडोमा बढी जाडो हुन्छ।

विज्ञका अनुसार माटोले बनेका घरले तातो चिसो सोसेर राख्छ । जसले गर्दा जाडोमा न्यानो र गर्मीमा शीतल हुन्छ । यी पुराना सम्पदाको संरक्षणका लागि तीनै तहका साथै सम्बन्धित निकाय सचेत हुन आवश्यक छ । विशेषगरी जलवायु परिवर्तन न्यूनीकरण तथा हरित वृद्धिमा सरकारको चासो दिन सकेमा यहाँको जीवनशैलीलाई मुख्य रूपमा टेवा पुग्नेछ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# ‘कुलिङ पिरियड’ राख्ने विषयमा फरक धारणा

**काठमाडौँ ।**
नेपाल सरकारका बहालवाला सचिव तथा पूर्वसचिवहरूले ‘कुलिङ पिरियड’ राख्ने विषयमा फरकफरक धारणा राखेका छन् ।

तराई विकास तथा सञ्चार केन्द्र नेपालले सोमवार आयोजना गरेको ‘प्रशासनिक सङ्घीयता कार्यान्वयनका सवालमा अन्तरसरकारी समन्वय तथा निजामती सेवाका समसामयिक सवाल’ विषयक कार्यक्रममा सहभागीले फरक धारणा राखेका हुन् ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाले कुलिङ पिरियड सबै क्षेत्रमा लागू हुनुपर्ने धारणा राखे । ‘कुलिङ पिरियड सबैमा लागू हुनुपर्छ, निमाजमती कर्मचारीमा मात्र होइन,’ उनले भने, ‘राजनीतिक दलका नेता राजनीतिबाट अगल हुनेवित्तिकै दुई वर्ष नपुगी राजदूत हुन पाउने गरेको देखिन्छ ।’ सापकोटाले कुलिङ पिरियडका कारण कतिपय स्थानमा विषय विज्ञताको अभाव देखिन सक्ने हुनाले प्राविधिक विषयमा दुई वर्ष कुलिङ पिरियड राख्न नहुने धारणा राखे ।

पूर्वमुख्यसचिव विमल कोइरालाले मुलुक र समग्र निजामती प्रशासनको हिसाबले कुलिङ पिरियड राख्नु नै उपयुक्त हुने धारणा राखे । ‘कुलिङ पिरियड नहुँदा स्वार्थ बाझिन्छ, ठूला कर्मचारीले आफू पदमा बहाल हुँदै गर्दा अनावश्यक सम्झौता गरेर पद लिने परिपाटीको विकास भयो’, उनले भने, ‘अघिल्लो दिन राजीनामा दिएर पछिल्लो दिन नयाँ पद लिने प्रवृत्ति बढ्यो, कसैले त उही दिन हाताहाती चिठी बुझ्ने गरेको पनि देखियो ।’

पूर्वमुख्यसचिव कोइरालाले कर्मचारीले संसदीय समितिले पारित गरेको कुरामा हुलका हुल बाँधेर यसलाई उल्ट्याउछु भनेर लाग्नु सुहाउँदो कुरा नभएको बताए । साथै, एक दुई वर्ष कुलिङ पिरियड राख्दा स्वभाविक देखिने र निजामती सेवापछि हुने बदनामीबाट जोगिने भनाइ उनको थियो ।

पूर्वसचिव डा दामोदर रेग्मीले कुलिङ पिरियड कतिवर्ष राख्नेभन्दा पनि योग्यता, क्षमता र प्रतिस्पर्धाका आधारमा जिम्मेवारी दिँदा उपयुक्त हुने धारणा राखे । यस विषयमा कार्यपत्र प्रस्तुत गर्दै उनले कर्मचारी अवकाश भइसकेपछि तिनको योग्यता र प्रतिस्पर्धाको आधारमा छनोट तथा जिम्मेवारी दिनुपर्ने बताए ।

पूर्वसचिव लक्ष्मीराम पौडेलले कुलिङ पिरियड राख्नुभन्दा पनि नियुक्ति प्रक्रिया प्रतिस्पर्धाका आधारमा दिनुपर्ने र सिधै आफूलाई सहज हुने मानिसलाई नियुक्ति दिन नहुने धारणा राखे ।

पूर्वसचिव डा योगेन्द्रकुमार कार्कीले विषयवस्तुमा निपूर्ण भएको व्यक्तिलाई कुलिङ पिरियडको आवश्यकता नपर्ने तर नियुक्ति दिँदा त्यो विषयमा योग्य व्यक्ति हुनेपर्ने बताए ।

पूर्वसचिव कृष्णहरि बास्कोटाले अवकास प्राप्त कर्मचारीलाई कुलिङ पिरियड राख्न आवश्यक भएको धारणा राखे ।

तराई विकास तथा सञ्चार केन्द्र नेपालका अध्यक्ष गोविन्द चौलगाईले समसामयिक विषयमा छलफलका लागि अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको बताए ।

सरकारले निजामति सेवा विधयेक संशोधन गर्दा अवकासप्राप्त कर्मचारीका लागि कुलिङ पिरियड राख्ने विषयमा प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा निजामती सेवा विधेयकमा सहमति भएको थियो । कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को नियुक्ति नलिने भन्ने व्यवस्था हो । रासस

---


**Invitation for Bids**

**Jaleshwar Municipality**

**Office of the Municipal Executive**

Jaleshwar, Mahottari

Madhesh Province, Nepal

Invitation For Bids For The **वडा न १ देखि १२ सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य**

Date of publication: Monday 12th Jestha, 2082 i.e 26th May 2025

(Edited to the notice published on Sunday 11th Jestha, 2082)

**Invitation for Bids No: 05/NCB/1S1E/GOODS/JM/2081/082**

1. 1 Jaleshwar Municipality has received a grant from Central Goverment towards the cost of वडा न १ देखि १२ सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य and intends to apply part of the funds to cover eligible payments under the Contract for 05/NCB/1S1E/GOODS/JM/2081/082. Bidding is open to all eligible Bidders.
2. The Jaleshwar Municipality Officeinvites Electronic bids from eligible bidders for the procurement of वडा न १ देखि १२ सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य under National competitive bidding – Single Stage Single Envelopeprocedures.

| S.N. | IFB NUMBER | Name of procurment | Cost of Bid document amount in NPR (Non-Refundable) | Minimum Bid Security Amount in NPR | Minimum Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 1 | 05/NCB/1S1E/GOODS/JM/2081/082 | वडा न १ देखि१२सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य | 3000/- | 260000/- | Minimum 120 days i.e. upto Monday, 06th Ashoj 2082 (22th September 2025) |

3 Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submits imultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.

4 Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Tel:044-520087 / Fax:044-520143, or may visit PPMO egp system www.bolpatra.gov.np/egp.

5 Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Jaleshwar
Name of Office : Jaleshwar Municipality, Jaleshwar, Mahottari
Office Code No. : 801021802
Office Account No.: 1270100301010003 (Revenue Account Number)
Rajaswa (revenue) Shirshak no. :………………………………….

6 Electronic bids must be submitted to the office Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00Hrs on Wednesday, 11thAsadh 2082, i.e 25th June 2025. Bids received after this deadline will be rejected.

7 The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on on Wednesday, 11th Asadh 2082, i.e 25th June 2025. at the office of Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.260000/-, which shall be valid for 30 days beyond the validity period of the bid .

8 If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


# ऊर्जा विकासको लक्ष्य प्राप्त गर्न विद्युत् विधेयक अपरिहार्यः मन्त्री खड्का

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा विकासको लक्ष्य प्राप्त गर्न विद्युत् विधेयक अपरिहार्य रहेको बताएका छन ।

मन्त्रालयका सचिव, पूर्वसचिव, ऊर्जाविज्ञ, नियामक निकाय, मन्त्रालयका उच्च अधिकारी तथा नेपाल विद्युत् प्राधिकरणका प्रतिनिधिहरूसँग सोमवार विद्युत् विधेयकका विषयमा छलफल गर्दै मन्त्री खड्काले ऊर्जा विकासको मार्गचित्रलाई पूरा गर्न उक्त विधेयक अपरिहार्य रहेको बताए ।

‘सरकारले आगामी १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ, यसलाई पूरा गर्न विद्युत् विधेयक अत्यन्त अपरिहार्य रहेको छ,’ मन्त्री खड्काले भने । विद्युत् विधेयकलाई सरकारले उच्च प्राथमिकतामा राखेको उनको भनाइ थियो ।

‘हाम्रो सङ्गठित र संयुक्त प्रयासबाट तयार भएको यस विधेयकले राष्ट्रिय ऊर्जा क्षेत्रलाई दीर्घकालीन स्थायित्व प्रदान गर्नाका साथै निजी तथा वैदेशिक लगानीलाई समेत आकर्षित गर्नेछ,’ उनले भने ।

विधेयकले जलविद्युत् उत्पादन, प्रसारण, वितरण र बजार व्यवस्थापनमा स्पष्ट नीति तथा संरचना तय गर्दै निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने खालको कानुनी आधार तयार गर्नेछ । यसले ऊर्जा सुरक्षाको प्रत्याभूति गर्दै स्थानीय र राष्ट्रिय दुवै तहमा आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पु¥याउने अपेक्षा गरिएको मन्त्री खड्काले बताए । सरकारले राखेको २८ हजार ५०० मेगावाट उत्पादन लक्ष्य प्राप्त गर्न दीर्घकालीन योजना, आधुनिक पूर्वाधार तथा लगानीमैत्री नीति आवश्यक रहेको सन्दर्भमा यो विधेयक रणनीतिक महत्वको कदम मानिएको उनले बताए । उक्त विधेयकलाई ‘समृद्ध नेपाल निर्माणतर्फको सशक्त पाइला’ भएको उनले बताए । विधेयकले सम्पूर्ण नेपालीका लागि उज्ज्वल भविष्य सुनिश्चित हुने मन्त्री खड्काको भनाइ थियो ।

सरकारले यो विधेयकलाई चाँडै संसदमा प्रस्तुत गर्दै पारित गराउने तयारी गरिरहेको छ । ऊर्जाविज्ञ र सरोकारवाला निकायले समेत विधेयकको स्वागत गर्दै यसले ऊर्जा क्षेत्रमा नयाँ युगको सुरुआत गर्ने विश्वास व्यक्त गरेका छन् । रासस

# अभिव्यक्ति दिँदा संयमित हुन आयोगको आग्रह

**काठमाडौँ ।**
राष्ट्रिय मानवअधिकार आयोगले जिम्मेवार व्यक्तिले आफ्नो अभिव्यक्ति दिँदा संयमित हुन आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले सोमवार जारी गरेको प्रेस विज्ञप्तिमा जिम्मेवार व्यक्तिले अभिव्यक्ति दिँदा संयमित हुन आग्रह गरिएको छ । विज्ञप्तिमा भनिएको छ, ‘अरु व्यक्ति, समूह वा पार्टी लक्षित नकारात्मक टीकाटिप्पणी नगर्न, सुरक्षा निकायले राजधानीलगायत क्षेत्रको शान्ति सुरक्षालाई मजबुत बनाउन र आफ्ना विरोध तथा प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आयोग सम्बद्ध सबैपक्षलाई आग्रह गर्दछ ।’

आयोगले देशको शान्तिसुरक्षा र अमनचयन कायम गर्ने जिम्मेवारी सरकारका सुरक्षा निकायको हुँदाहुँदै लोकतान्त्रिक मुलुकमा कुनै पनि पार्टी विशेषबाट कुनै पनि क्षेत्र कब्जामा लिनु भनेको विधिको शासनविपरित हुनुका साथै निषेधलाई प्रश्रय दिनु हो भन्ने आयोगको बुझाइ रहेको उल्लेख गरिएको छ ।

‘शान्तिपूर्ण तवरबाट विचार र अभिव्यक्ति राख्न नेपालको संविधान र कानुनले निषेध गरेको छैन, यस परिस्थितिमा अरुको विचार, अभिव्यक्ति र प्रदर्शनप्रति लक्षित गरी प्रधानमन्त्रीबाट आएको उक्त अभिव्यक्ति चिन्ताजनक छ’, विज्ञप्तिमा भनिएको छ, ‘जुनसुकै व्यक्ति, समूह र पार्टीलाई आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रता भए पनि अरुप्रति लक्षित गरी मुठभेड निम्तिन सक्ने गरी उत्तेजनापूर्ण अभिव्यक्ति आउनु मानवअधिकारका मूल्य मान्यतासमेतको विपरीत हुन जान्छ ।’

आगामी २०८२ जेठ १५ गतेबाट राजतन्त्र समर्थक संयुक्त जनआन्दोलन समितिले काठमाडौँमा जनआन्दोलन गर्न लागेको र सोको अनुगमनसमेत गरिदिन अनुरोध गर्दै आयोगमा जानकारीपत्र प्राप्त भएको आयोगले जनाएको छ । रासस

# आदिवासी जनजातिको परम्परागत खाद्य पहिचान गरिँदै

**चितवन ।**
नेपालका आदिवासी जनजातिको परम्परागत खाद्य पहिचान र संरक्षण गर्न आदिवासी जनजातिको क्षेत्रमा काम गर्दै आएका सङ्घसंस्थाहरु जुटेका छन् ।

देशभरका आदिवासी जनजाति समुदायका प्रतिनिधिहरु सौराहामा भेला भएका हुन् । उनीहरुलाई सोमवार देखि पाँच दिनको आदिवासी जनजाति विधामा आधारित जैविक पुनःस्थापना र खाद्य प्रणालीको परिचयात्मक पद्धतिका विषयमा आजदेखि तालिम सुरु गरिएको छ ।

तालिमको बागमती प्रदेशका वन तथा वातावरणमन्त्री कृष्ण सिलवालले उद्घाटन गरे । उनले नेपालमा परम्परागत खाद्य बालीका बीउहरु लोप हुँदै गएकाले संरक्षणमा जुट्नुपर्ने बताए । उनले जौ, गिठा भ्याकुर, कागुनो, उवा जस्ता खाद्य बालीहरुको बीउ लोप हुँदै गएको बताए । जलवायु परिवर्तनसँगै नेपालको खाद्य प्रणालीमा असर पुगेकाले अन्तरराष्ट्रिय समुदायले यसतर्फ ध्यान दिनुपर्नेमा उनले जोड दिए । बागमती प्रदेश सभा सदस्य भारती पाठकले जल, जङ्गल, जमिनसँग खाद्य प्रणालीलाई संरक्षण गर्न आवश्यक रहेको बताए ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयकी उपकुलपति प्रा डा शारदा थपलियाले नेपालमा आदिवासी समुदायले आफ्नो पहिचानका लागि रैथाने बालीको संरक्षण र प्रवद्र्धन गर्नुपर्ने बताए । उनले उत्पादित बालीको संरक्षणका लागि विश्वविद्यालयको पाठ्यक्रममा रैथाने बालीका बारेमा अध्ययन सामग्री राख्न थालिएको जानकारी दिए ।

आदिवासी जनजाति महासङ्घका केन्द्रीय उपाध्यक्ष युवराज जिरेलले आधुनिकीकरणका कारण परम्परागत खाद्य प्रणालीमा समस्या आएको र बीउ नासिँदै गएको उल्लेख गरे । सो अवसरमा ‘एफएओ नेपाल’का प्रमुख केन सिमिजुले विश्वका आदिवासी जनजातिको अवस्था र खाद्य प्रणालीको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

एफएओ नेपालले आयोजना गरेको तालिममा २६ संस्थाका ५४ प्रतिनिधिको सहभागिता छ । भारतबाट तीन जना प्रतिनिधि सहभागी छन् । तीन विदेशीसहित १० जना विज्ञले तालिम प्रदान गर्ने जनाइएको छ । तालिममा जैविक ज्ञानमा आधारित जैविक पुनःस्थापनासम्बन्धी विषयमा दुई दिन र आदिवासीको खाना पहिचानसम्बन्धी तीन दिन प्रशिक्षण दिइने एफएओ नेपालले जनाएको छ । रासस

---


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन, परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानुनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| १)ऋणीको नाम र ठेगाना |
|---|
| स्व. गिरवर धारी लालको नाति ,स्व. देव कुमार लाल कायस्थको छोरा ,जिल्ला बारा गा.बि.स. पतरहट्टी वडा नं. ०२ हाल जिल्ला पर्सा बी.म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न. ११२०/१७४३ ,जारी मिती २०४३/०३/१५ जि.प्र.का. बारा) बर्ष ५५ को सुधिर कुमार कर्ण .....१ र स्व. गिरवर धारी लालको बुहारी, ,स्व. देव कुमार लालकी पत्नी जिल्ला बारा कलैया वडा नं.१४, हाल जिल्ला पर्सा बी.म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न. १०४८/७०७७१७४०, जारी मिती २०३६/०१/०५ जि.प्र.का. पर्सा) बर्ष ७२ को शकुन्तला देवि......२ । |
| **कर्जाको सुरक्षण विवरण** |
| स्व. गिरवर धारी लालको बुहारी, ,स्व. देव कुमार लालकी पत्नी जिल्ला बारा कलैया वडा नं.१४, हाल जिल्ला पर्सा बी.म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न. १०४८/७०७७१७४० मिती २०३६/०१/०५ जि.प्र.का. पर्सा) बर्ष ७२ को शकुन्तला देविको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बी.उ.म.न.पा. वडा नं. १४ स्थित किता नं ३२ को जम्मा क्षेत्रफल २२४.०० **वर्ग मिटर** को घर जग्गा । |
| **प्रोप्राइटरहरु तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| १) स्व. गिरवर धारी लालको नाति, स्व. देव कुमार लाल कायस्थको छोरा जिल्ला बारा गा.बि.स. पत्रहट्टी वडा नं. ०२ हाल जिल्ला पर्सा बी.म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.न. ३३११२१/१७४२, जारी मिती २०४३/०५/२३ जि.प्र.का.बारा) बर्ष ५६ को सुनिल कुमार कर्ण । <br> २) परमेश्वर लाल दासको छोरी, सुधिर कुमार कर्णकी पत्नि जिल्ला सर्लाही, कबिलासी वडा नं. १, हाल जिल्ला पर्सा बी.म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.नं.२७४४२५०, जारी मिति २०५९/०६/२३, जि.प्र.का., सर्लाही) बर्ष ४५ की सिमा कुमारी कर्ण । <br> ३) राम प्रसाद चौधरी कायस्तको छोरी, सुनिल कुमार कर्णकी पत्नि जिल्ला सिराहा, ईनर्वा वडा नं. ७, हाल जिल्ला पर्सा बी.म.न.पा. वडा नं. ११ बस्ने (ना.प्र.नं.३८६६-९२२/२९२५,जारी मिति २०४५/०१/२२ जि.प्र.का., सिराहा) बर्ष ५६ की प्रभा कुमारी कायस्त । |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# बाँके राष्ट्रिय निकुञ्जमा पर्या पर्यटन प्रवर्द्धन गर्न माग

**बाँके ।**
पाटेबाघको वासस्थान र जैविक मार्ग संरक्षण गर्ने उद्देश्यले स्थापना भएको बाँके राष्ट्रिय निकुञ्जमा पर्या पर्यटनको विकास हुन थालेको छ ।

पाटेबाघलगायत वन्यजन्तु संरक्षणमा सफलता हासिल गरे पनि निकुञ्ज घुम्न आउने पर्यटकको सङ्ख्या कम नै रहेको छ । चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म करिब ७०० पर्यटकले मात्रै निकुञ्ज अवलोकन गरेका छन् ।

गत साउनदेखि हालसम्म आन्तरिक तथा बाह्य पर्यटक गरी जम्मा ७०० को हाराहारीमा निकुञ्जभित्र प्रवेश गरेर अवलोकन गरेको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले जानकारी दिए ।

'निकुञ्जको मध्यवर्ती क्षेत्रमा वनभोजलगायतका
क्रियाकलापमा ५० हजार बढी पर्यटक आउने गरे पनि वन्यजन्तुको वासस्थान क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या ७ सयको हाराहारीमा रहेको छ', उनले भने, 'सबै पर्यटक निकुञ्ज मध्यवर्ती क्षेत्रमा सञ्चालित घरवास (होमस्टे) मार्फत निकुञ्जभित्र अवलोकन गरेका हुन् ।'

निकुञ्जले बाघ संरक्षणमा सफलता हासिल गरेपनि पर्यापर्यटनको विकास हुन नसकेको उनको भनाइ छ । मध्यवर्ती क्षेत्रमा घुम्न आउने पर्यटकलाई निकुञ्ज अवलोकनमा ल्याउन सक्ने व्यवस्था होमस्टे तथा होटल व्यवसायीले गर्नुपर्नेमा उनले जोड दिए । निकुञ्जमा गत आर्थिक वर्ष २०८०/८१ मा ४४४ पर्यटकले अवलोकन गरेका थिए । पर्यटक घुमाउनका लागि होमस्टे तथा होटल व्यवसायीले प्रसस्त मात्रामा सफारी गाडीको व्यवस्था गर्नसके निकुञ्ज घुम्ने पर्यटकको सङ्ख्या बढ्ने निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत कँडेलले बताए ।

उनका अनुसार, बाँके निकुञ्जमा अहिले वन्यजन्तुको सङ्ख्यामा वृद्धि हुनुका साथै बाघ संरक्षणमा निकुञ्जले सफलता हासिल गरेको छ । सन् २०२२ को सर्वेक्षणअनुसार बाँके राष्ट्रि«य निकुञ्जमा २५ वयस्क बाघ रहेका छन् । यस्तै स्तनधारी वन्यजन्तु ३४, चरा २७६, सरिसृप २४, उभयचर नौ र माछा ५५ गरी ४२२ प्रजाति रहेका छन् ।

विसं २०६७ असार २८ गते स्थापना भएको बाँके राष्ट्रिय निकुञ्ज नेपालगञ्ज विमानस्थलबाट १५ किलोमिटर दूरीमा रहेको छ । पूर्व–पश्चिम राजमार्गअन्तर्गत दायाँबायाँ संरक्षित क्षेत्र रहेको छ । स्थल र हवाईमार्गबाट सहजै यहाँ आउन सकिन्छ ।

निकुञ्जमा वन्यजन्तुसँगै प्राकृतिक दृश्य हेर्न पर्यटकको सङ्ख्या बढ्दै गए पनि सन्तोषजनक अवस्था नरहेको गाभर भ्याली सामुदायिक होमस्टेका अध्यक्ष कृष्णलाल चौधरीले बताए । बाँके निकुञ्जको मध्यवर्ती क्षेत्रमा गाभर होमस्टे, खड्कवार होमस्टे र नयाँगाउँ होमस्टे सञ्चालित छन् । बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटकीय गतिविधि बर्सेनि बढ्दै गए पनि बाँकेमा भने सुनसान अवस्था रहेको पर्यटन प्रवद्र्धन मञ्चका संयोजक कृष्णप्रसाद श्रेष्ठले बताए । उनले बाँके निकुञ्जलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा चिनाउन नागरिकस्तरबाट आफूहरु लागिपरेको उल्लेख गरे । रासस

# काँक्रा बिक्री गरेर ३० लाख आम्दानी !

**तम्घास ।**
देशमा रोजगार नभएर अधिकांश युवा विदेश पलायन भइरहेका बेला गुल्मीका एक युवाले भने गाउँमै कृषिमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका छन । गुल्मीको छत्रकोट गाउँपालिका–५ खज्र्याङका ४० वर्षीय विष्णु भण्डारीले बाँझो जमिनलाई सदुपयोग गर्दै कृषि पेसामा छलाङ मारेका हुन । खज्र्याङको ४५ रोपनी जग्गामा उनले काँक्रा, लौका, तोराय, फर्सी, खुर्सानीलगायत तरकारी लगाएका छन । खुकुरापालनसँगै मासु व्यवसायसमेत गरेका भण्डारीको मुख्य उत्पादन काँक्रा हो ।

विसं २०७२ मा 'घरेलु तथा साना उद्योग विकास कार्यालय'मा 'पूर्णिमा कृषि तथा पशुपक्षी फर्म' दर्ता गरेर व्यवसाय सुरू गरेका भण्डारीले गत मात्रै सात लाख रुपैयाँ को काँक्रा बिक्री गरे । सुरूआती चरणमा थोरैथोरै उत्पादन गरे पनि अहिले व्यवसाय फस्टाएको भण्डारी बताउछन । 'गतवर्ष दुई हजार बोटमा फलेका काँक्राबाट सात लाख रुपैयाँ आम्दानी भयो,' उनले भने, 'यो वर्ष १० हजार बिरूवा लगाएको छु, उत्पादन भएका सबै काँक्रा बिक्री हुँदा ३० लाख आम्दानी हुन्छ ।' दुई वर्ष अगाडिसम्म काँक्राको मूल्य प्रतिकेजी ४० रूपैँयासम्म रहेको थियो ।तर गत वर्ष मूल्य बढेर एक सय ४० सम्म रुपैयाँ पुग्यो । जसले गर्दा उहाँको आम्दानी पनि बढेको छ । गत वर्ष भएको आम्दानीबाट प्रेरित भएर यो वर्ष बिरूवा थपेको भण्डारीले बताए । यो सिजनको लागि पनि काँक्रा तयार भइसकेका छन् । गत मङ्सिर ३० गते रोपेका काँक्रा चैत १० बाट बिक्री सुरू भएका थिए । अहिलेको सिजनमा मात्रै उनले तीन सय क्विन्टल काँक्रा बिक्री गरिसकेका छन । अहिले फलेका काँक्रा सके अहिले नै सबै बिक्री गर्ने, नभए पाकेका पहेँला काँक्रा दसैँ–तिहारको समयमा अचारको लागि बिक्री गर्ने उनले बताए । दसैँ–तिहारमा पनि बिक्री नभए बीउको लागि प्रयोग गर्ने भण्डारीको भनाइ छ । यो सिजनमा उनको एउटै बगैँचाबाट दैनिक १० क्विन्टलसम्म काँक्रा बिक्री भइरहेको छ । भण्डारीले काँक्रासँगै बेमौसमी मकै उत्पादन, कुखुरापालन र दुई पोखरीमा मत्स्यपालन पनि गरेका छन । उनले सबै व्यवसायबाट खर्च कटाउँदा पनि मासिक न्यूनतम एक लाख रूपैँया बचत हुने सुनाए । अहिलेको गर्मी मौसम भएकोले काँक्रो अत्याधिक बिक्री भइरहेको छ । आगामी असार महिनासम्म काँक्रो बिक्री हुने सिजन छ । गर्मी सिजन सुरू भइसकेको हुँदा यस पटक बाहिरबाट जिल्लामा काँक्रो भित्रिसकेको छैन् । जसले गर्दा बजारमा काँक्रोको माग अत्याधिक रहेको छ । काँक्रो खानाको साथसाथै विवाह, महोत्सव तथा पाठपूजाको समयमा पनि प्रयोग हुन्छ । भण्डारीले यस पटक चार सय क्विन्टल काँक्रो उत्पादन गर्ने लक्ष्य लिएका छन् । उनले अहिले एक हजार बेमौसमी काँक्रोका थप बिरूवा लगाइसकेका छन । उनको काँक्रा स्थानीय बजारका साथसाथै तम्घास, पाल्पा, बुटबल र काठमाडौँसम्म पुग्ने गरेको छ । उनलाई घरपरिवारको पनि पूर्ण साथ मिलेको छ् । घर परिवारका चार जनाबाहेक थप चारजनालाई मासिक तलबमा रोजगारी समेत दिएका छन ।

पछिल्लो समयमा गाउँमा किसानलाई बाँदर, बदैँल, दुम्सी जस्ता वन्यजन्तुले बालीनालीमा हानीनोक्सानी गर्दै गएको अवस्था छ् । तर भण्डारीले भने उक्त समस्या नभएको हुँदा कृषि उत्पादन गर्न सहज भएको बताउछन । भण्डारीको लोभलाग्दो कृषि कर्मले जिल्लामा युवा शक्तिबाट किसानलाई थप हौसला मिलेको छ । 'गर्न सके गाउँमै थुप्रै सम्भावना छन्,' भण्डारीले भने । काँक्रा बिक्री गरेर आम्दानी लिन जति सजिलो छ, उत्तिकै मेहनत उत्पादन गर्न पनि छ । वर्षा धेरै हुँदा र बिक्री नहुँदा उनले थुप्रै पटक घाटा पनि सहनुप¥यो । काँक्राको लागि टनेल आवश्यक पर्नेमा उनले भने खुल्ला चौरमा उत्पादन गर्दै आएका छन ।

वडा कार्यालयमा थुप्रै पटक टनेलको लागि आवेदन दिए पनि सहयोग नपाएको भण्डारीले सुनाए । 'थुप्रै पटक धाएँ, पाइन,' उनले भने, 'मकै शत प्रतिशत, नभए ५० प्रतिशतसम्म अनुदानमा हाइटेक टनेल दिए उत्पादन अझ बढाउने थिएँ ।' टनेल नहुँदा वर्षाको कारणले गत मात्रै पाँच क्विन्टल काँक्रा नोक्सान नभएको उनले बताए ।

सात लाखको काँक्रा बिक्री गरिसकेपछि थप पाँच क्विन्टल नोक्सान हुँदा धेरै मर्का नपरेको उनि बताउछन । 'अब निरन्तर काँक्राखेती गर्ने हो, अरू पेसा सहायक हुन्,' भण्डारीले भने,'यसमा राज्यको तर्फबाट केही सहयोग भए आभारी हुने थिएँ ।'रासस

# अब जम्मा ५ चौकाले बनाउनेछ कोहलीलाई १२०० चौका हान्ने पहिलो एसियन क्रिकेटर

**काठमाडौं ।**
आइपिएल २०२५ को लिग चरणको अन्तिम खेल लखनऊ सुपर जायन्ट्स र रोयल च्यालेन्जर्स बैंग्लोर बीच एकना स्टेडियममा खेलिदैछ र यही खेलको नतिजाले यो सिजनको शीर्ष २ टोलीको टुंगो लगाउने छ ।

यस खेलमा बेंगलुरुले लखनउलाई ठूलो अन्तरले पराजित गरेमा यो सिजनको क्वालिफायर खेल्न सक्छ । आरबीसीले एकपटक पनि आईपीएलको उपाधि जित्न सकेको छैन, त्यसैले टोलीले यो सिजन जितको खडेरी अन्त्य गर्ने प्रयास गर्नेछ । साथै, यो सिजन आईपीएल इतिहासमा सबै समयको कीर्तिमान पनि तोड्न सक्ने ठाउँ देखिएको र खासमा विराट कोहली त्यसको धेरै नजिक छन् ।

आईपीएलको इतिहासमा सबैभन्दा बढी चौका प्रहार गर्ने कीर्तिमान शिखर धवनको नाममा छ, जसले २२२ खेलको २२१ इनिङ्समा ७६८ चौका प्रहार गरेर सो
रेकर्ड कायम गरेका हुन् । यो सूचीमा विराट कोहली दोस्रो स्थानमा छन्, जसले २६४ खेलको २५६ इनिङ्समा ७५६ चौका प्रहार गरिसकेका छन् ।

यस्तो अवस्थामा विराट कोहलीसँग यो सिजनमा धवनलाई पछाडि छोड्ने सुनौलो मौका रहेको छ, त्यसका लागि कोहलीलाई मात्र थप १३ चौका चाहिन्छ । आरसीबी प्लेअफका लागि छनोट भएको छ । यस्तो अवस्थामा कोहलीले कम्तिमा एक थप खेल खेल्नेछन् अर्थात् बाँकी दुई खेलमा कोहलीले १३ चौका प्रहार गरे भने उनले आईपीएल इतिहासकै सबैभन्दा ठूलो कीर्तिमान बनाउन पाउने छन् ।

विराट कोहलीले यो सिजन पनि ५०० भन्दा बढी रन बनाइसके छन् । चालू



सिजनमा उनले हालसम्म १२ खेलमा १२ इनिङ्समा ६०.८८ को औसत र १४५.३५ को स्ट्राइक रेटमा ५४८ रन बनाएका छन् र उनी ओरेन्ज क्यापको दावेदारको सूचीमा रहेका छन् । र, कोहलीले यो सिजन सात अर्धशतक पनि बनाइ सकेका छन् । यस अवधिमा उनको ब्याटबाट ५१ चौका र १९ छक्का निस्केका थिए । कोहली यस सिजन बेंगलुरुका लागि सर्वाधिक रन बनाउने खेलाडी हुन् ।

साथै, यदि कोहलीले मंगलबार आफ्नो इनिङ्समा पाँच चौका प्रहार गरे भने उनी टी–२० क्रिकेटमा १२०० चौका प्रहार गर्ने पहिलो भारतीय खेलाडी पनि बन्ने छन्। टी–२० क्रिकेटमा हालसम्म तीन ब्याट्सम्यान एलेक्स हेल्स, डेबिड वार्नर र जेम्स भिन्सले मात्र यो रेकर्ड बनाउन सकेका छन्। यदी, त्यो पुरा गरे भने कोहली १२ सय चौका प्रहार गर्ने पहिलो एसियाली ब्याट्सम्यान पनि बन्नेछन् ।

कोहलीले ४११ टी–२० खेलमा ११९५ चौका प्रहार गरिसकेका छन् । टी–२० क्रिकेटमा कोहलीले ४१.९८ को औसत र १३४.६२ को स्ट्राइक रेटमा १३ हजार ४३४ रन बनाएका छन् । एजेन्सी


Invitation for Bids

**Jaleshwar Municipality**

Office of the Municipal Executive
Jaleshwar, Mahottari
Madhesh Province, Nepal

**Invitation For Re Bids For The सामुदायिक बिद्यालयका छात्राहरुलाई नि: शुल्क स्यानिटरी प्याड व्यवस्थापन**

2nd Publication Date: Monday 12th Jestha, 2082 i.e 26th May 2025

**Invitation for Bids No: 02/NCB/1S1E/GOODS/JM/2081/082**

1. [1]Jaleshwar Municipality invites bids towards the cost of सामुदायिक बिद्यालयका छात्राहरुलाई नि: शुल्क स्यानिटरी प्याड व्यवस्थापन and intends to apply part of the funds to cover eligible payments under the Contract for 02/NCB/1S1E/GOODS/JM/2081/082. Bidding is open to all eligible Bidders.
2. TheJaleshwar Municipality Officeinvites Electronicbids from eligible bidders for the procurement of सामुदायिक बिद्यालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन under National competitive bidding – Single Stage Single Envelopeprocedures.

| S. N. | IFB NUMBER | Name of procurment | Cost of Bid document amount in NPR (Non-Refundable) | Minimum Bid Security Amount in NPR | Minimum Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 1 | 02/NCB/1S1E/GOODS/JM/2081/082 | सामुदायिक बिद्यालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड व्यवस्थापन | 3000/- | 45000/- | Minimum 120 days i.e upto Thrusday, 26th Bhadra 2082 (11th september 2025) |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submits imultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of I TB 23 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Tel:044-520087/ Fax: 044-520143, or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Rastriya Banijya Bank, Jaleshwar
Name of Office : Jaleshwar Municipality, Jaleshwar, Mahottari
Office Code no. : 801021802
Office Account no. : 1270100301010003(Revenue Account Number)
Rajaswa (revenue) Shirshak no. :………………………………….

4. Electronic bids must be submitted to the office Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Hrs. on Monday, 27th Jestha 2082, i.e 10thJune 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on Monday ,27th Jestha 2082,i.e10th June 2025at the office of Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.45000/-, which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

[1]This provision is only for donor funded so should be deleted in case of project funded by Government's resources.



मधेश प्रदेश सरकार

**उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय**

**पर्यटन विकास कार्यालय**

लहान, सिरहा ईमेल-: tdosiraha@gmail.com

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/१३)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्वारा मिति २०८२/०१/०८ गते राष्टिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमका शिलबन्दी बोलपत्र आव्हान(**e-bidding**)सम्बन्धि सुचना तथा www.bolpatra.gov.np/egp मा समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति२०८२/०२/१२ गतेको निर्णय अनुसार स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| सि. नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पि.एस बाहेक) |
|---|---|---|---|---|
| १. | 23/NCB/WORKS/TDOSIRAHA/2081/82 | Tathgat Buddha Dhyan Kendra Bhawan, Rajbiraj na.pa. Saptari | **S & B Nirman Sewa, Rajbiraj, Saptari** | ३३,९९,२७५.८०/- |

- कार्यालय प्रमुख

# क्यान्सर अस्पतालमा नयाँ प्रविधिबाट शल्यक्रिया

**चितवन ।**
यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा नयाँ प्रविधिबाट शल्यक्रिया गरिएको छ । नेपालमै पहिलो पटक 'मायस्थेनिया ग्राभिस' प्रविधिबाट शल्यक्रिया गरिएको हो ।

दाङकी २२ वर्षिया एक महिलाको यही जेठ ८ गते सफल शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ । सफल शल्यक्रियापछि आइतबार अस्पतालले पत्रकार सम्मेलन गरी सो नयाँ प्रविधिबाट सफल शल्यक्रिया गरिएको जानकारी गराएको हो ।

अस्पतालका वरिष्ठ अंकोलोजिष्ट, थोरासिस एण्ड ल्याप्रोस्कपी सर्जन डा विनय ठाकुर नेतृत्वको चिकित्सक टोलीले ती महिलाको पेटमा एउटा सानो चिरा मात्रै पारेर दुरविन प्रविधिबाट शल्यक्रिया गरेको हो । डा ठाकुरले काठमाडौँमा एक वर्ष अघि रोग पहिचान गरी ती महिलाले औषधिको सेवन गर्दै आउनुभएको जानकारी दिए ।

यसभन्दा अगाडि तीन चार वटा प्वाल बनाएर, श्वासप्रश्वास नलीमा पाइप राखेर शल्यक्रिया गर्ने गरेको उल्लेख गर्दै डा ठाकुरले भने, 'यसपटक पेटमा एउटा मात्रै प्वाल बनाएर, श्वासप्रश्वास नलीमा पाइप नै नराखी शल्यक्रिया गरिएको छ ।' अब यो प्रविधिबाट निरन्तर रुपमा शल्यक्रिया गर्ने उनले बताए । 'मायस्थेनिया ग्राभिस' को शल्यक्रिया नेपालमा कम हुने शल्यक्रियामा पर्ने बताउँदै डा ठाकुरले आफूले वार्षिक १० जना हाराहारीमा यस्ता बिरामीको शल्यक्रिया गर्ने गरेको बताए । यो शल्यक्रिया जोखिमपूर्ण मानिन्छ । यो रोगका बिरामीको मसल (मांसपेशी) पहिले कमजोर हुने भएकाले डा ठाकुरले त्यसमाथि 'मसल रिल्याक्सिङ' औषधि दियो भने शल्यक्रियापछि बिरामीलाई लामो समयसम्म भेन्टिलेटरमा राख्नुपर्ने बाध्यता हुन सक्ने बताए । उनले भने, 'मसल रिल्याक्सिङ औषधि प्रयोग नगरी बिरामीलाई आधारभूत एनेस्थेसिया औषधि चलाएपछि पहिले कै अवस्थामा श्वासप्रश्वासले काम गर्छ ।'

अस्पतालका एनेस्थेसियोलोजिस्ट डा रेश्मी थापाले यो शल्यक्रियामा 'नन इन्टुवेटेड' प्रविधि प्रयोग गरिएको बताए । उनले भने, 'विगतमा यस्तो शल्यक्रिया गर्दा श्वासप्रश्वास नलीमा पाइप राखेर बेहोस् बनाउने गरिन्थ्यो । पाइपमार्फत मसल रिल्याक्सिङ औषधिको प्रयोग गरिन्थ्यो, जसले शरीरका सबै अङ्गलाई प्यारालाइज गर्दथ्यो ।' 'मायस्थेनिया ग्राभिस' का बिरामीलाई यसरी बेहोस् बनाउँदा जोखिम झन बढी हुने डा थापाको भनाइ छ । आधारभूत इनेस्थेसिक औषधिको प्रयोग मात्रै गरेर बिरामीलाई बेहोस् बनाइएको उनको भनाइ छ ।

यो रोगले कुनै पनि उमेरका मानिसलाई असर गर्न सक्छ, तर यो रोग २५ वर्षमुनि तथा ६० वर्षभन्दा माथिकामा बढी देखिन्छ । डा ठाकुरले विश्वमा यो रोग एक वर्षमा एक लाख जनामा नयाँ एक जना बिरामी भेटिने बताए । अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले चिनियाँ सरकारको सहयोगमा प्राप्त उपकरणको प्रयोग गरी यो शल्यक्रिया गरिएको बताए । अस्पतालका अध्यक्ष डा विजय न्यौपानेले यो शल्यक्रियालाई सर्जरी र एनेस्थेसिया दुवैको सफलता रहेको बताए ।रासस

# 'गणतन्त्रको विकल्प छैन': शारदा भट्ट

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय सल्लाहकार शारदादेवी भट्ट राष्ट्रियसभाको सदस्य हुन । ७६ वर्षीया सदस्य भट्ट सुदुरपश्चिम प्रदेशबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्छिन । सदस्य भट्टसँग राससका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीको सम्पादित अंशः



तीनै तहका सरकारहरुले भ्रष्टाचार अन्त्यका लागि विशेष अभियान नै सञ्चालन गर्नुपर्छ । यसका लागि समन्वयात्मक काम गर्नुपर्छ । एकले अर्कोलाई दोष दिएर उम्कन मिल्दैन । गरिबी छ, वैदेशिक ऋण पनि छ । यस्तो अवस्थामा भ्रष्टाचार हुन्छ भने समाज के होला ? जनताले तिरेको कर हिनामिना गरिनुहुन्न । सबैभन्दा पहिला देशबाट भ्रष्टाचार अन्त्य गर्नुहोस् । भ्रष्टाचार रोक्न सकेमात्र देश उँभो लाग्छ, देशको विकास हुन्छ । सदाचारलाई हामी सबै मिलेर प्रवद्र्धन गरिनुपर्छ ।

सुगम भनिए पनि कैलाली सुदुरपश्चिमको एउटा पिछडिएको जिल्ला हो । यहाँ बसोबास गर्ने थारु, चौधरी, दलित र महिलालगायत सबै जनतामा शिक्षा, स्वास्थ्य र रोजगारीको समस्या छ । सुदुरपश्चिमलाई अझै पर्याप्त बजेट विनियोजन गरिँदैन । अन्य प्रदेशका तुलनामा सुदुरपश्चिममा अत्यन्त न्यून बजेट विनियोजन हुन्छ । कैलालीमा महिला बढी समस्यामा परेका छन् ।

ज्येष्ठ नागरिकलाई समाज र राष्ट्रले उच्च सम्मान गर्नुपर्छ । अहिले बदलिँदो सामाजिक संरचनाका कारण ज्येष्ठ नागरिकले अपहेलित भएको महसुस गर्न थालेका छन् । पहिलो कुरा भनेको छोराछोरीले नै आफूलाई जन्म दिने बाबुआमा प्रतिको जिम्मेवारी पूरा गर्नुपर्छ । सन्तानलाई नै आमाबाबुप्रति जिम्मेवार बनाउनुपर्छ । सन्तान नै नभएको खण्डमा भने राज्यले उनीहरुको व्यवस्थापन गर्नुपर्छ । बाँचुञ्जेल भएको सम्पत्ति सबै बाबुआमाकै नाममा हुनुपर्छ । यदि सम्पत्ति भएन भने सन्तानले बाबुआमालाई नहेर्ने चलन पनि छ । सरकारले अलिकति भए पनि भत्ता दिएर बूढाबूढीलाई राहत भएको छ । भत्ता बूढेसकालको सहारा भएको छ । यो राज्यले राम्रो गरेको छ ।

हाम्रो जमानामा महिला अधिकार भन्ने थाहै थिएन । अहिले भने महिलाले धेरै अधिकार पाएका छन् । हामीले राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश, उपसभामुख, राष्ट्रियसभाको उपाध्यक्ष, मन्त्री, सांसद, मेयर र उपमेयर पाएकै छौँ ।

यसलाई महिलाले अधिकार नपाएकै हो भन्न सकिन्न । तर महिलाको हकअधिकारको निम्ति धेरै काम गर्नुपर्ने छ । अझै धेरै सङ्घर्ष गर्नुपर्ने छ । महिलाभित्र पनि टाठाबाठाले अधिकारको बढी उपभोग गरेका छन् । जसले पाउनुपर्ने हो, उस्ले पाउन सकेको छैन । महिलाभित्र पनि समान रुपमा अधिकारको बाँडफाँट हुन आवश्यक छ । अहिले संविधान संशोधनको चर्चा चुलिएको छ । तर के विषयमा संशोधन गर्ने भन्ने कुरा आएको छैन । अहिल्यै पनि संविधानमा जनताका धेरै विषयवस्तु समावेश भएका छन् । अझै केही अधिकार संशोधनमार्फत सम्बोधन गर्नुपर्ने छ ।

काम गर्न विदेश जाने युवालाई रोक्नका लागि देशमा भएका सबै कलकारखाना सञ्चालन गर्नुपर्छ । नेपालमा भएका कलकारखाना कहाँ गए भन्नेबारेमा पनि खोजी हुनुपर्छ । यो खोजी कुनै पनि सरकारले गर्न सकेको छैन । मेरो जानकारीमा नेपालमा कुनै दिन ३० वटाभन्दा बढी कलकारखाना र उद्योग थिए । ती सबै अहिले कहाँ गए ? अहिले देशभित्र काम नपाएपछि नेपाली युवा विदेशमा श्रम बेच्न बाध्य छन् । यो कुरालाई सरकारले सम्बोधन गर्नुपर्छ । यसरी नै युवा विदेशिने क्रम बढ्दै गयो भने देशको विकास कसरी हुन्छ ? प्रत्येक गाउँ युवाविहीन भइरहेका छन् । पहाडका घरहरु खाली हुन थालेका छन् । यो गम्भीर विषय हो ।

देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा गइसकेको छ । अब फेरि राजा ल्याउने भन्ने कुरा हुँदैन । हामीले लामो समय राजतन्त्र पनि हेरेकै हो । त्यसैले अहिलेकै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुधारेर लैजानुपर्छ । तर नेताले जनताको पक्षमा राम्रो काम गर्नुपर्छ । देश एउटा गतिमा अगाडि बढिसकेको छ । सरकारले पनि समृद्ध नेपाल सुखी जनताको निम्ति काम गरिरहेको छ । जनता निरास हुनुपर्ने अवस्था छैन । अब विस्तारै जनताको अवस्थामा पनि परिवर्तन आउँछ । देशमै रोजगारीको सिर्जना हुन्छ । सबैभन्दा उत्तम व्यवस्था गणतन्त्र हो । यो हामीले लडेर ल्याएको हो । तर जनतालाई व्यवस्था मात्रै दिएर पुग्दैन । उनीहरुलाई त्यहीअनुसारको सेवा सुविधा पनि दिनुपर्ने हुन्छ ।

राष्ट्रियसभाको सदस्य भएको पाँच वर्ष भयो । अब आउँदो फागुनमा मेरो कार्यकाल सकिँदैछ । राष्ट्रियसभा एउटा सम्मानित सभा हो । यो सभासम्म आइपुग्ने सदस्यहरु लामो सङ्घर्ष गरेर आउनुभएको छ ।

त्यस अर्थमा पनि यो सभा परिपक्क र अनुभवीको सभा हो । राष्ट्रियसभामा आउने सदस्यले देश र जनताको निम्ति केही न केही योगदान गरेरै आएका छन् । मेरो अनुभवमा राष्ट्रियसभाले संविधानभित्र रहेर आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेकै छ । आफ्नो काम, कर्तव्य नियमपूर्वक पालना गरेकै छ । सांसदको कामै कानुन निर्माण गर्ने हो । यो भूमिका पनि राष्ट्रियसभाले निर्वाह गर्दै आएको छ । यो सभामा आएका विधेयक पर्याप्त छलफल गरेर मात्रै पास गर्छौं ।रासस

# संविधान प्रदत्त अधिकारमा सङ्कुचन आउन नदिन प्रदेशमा अधिकार प्रत्यायोजन हुनुपर्छः मुख्यमन्त्री आचार्य

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सङ्घीयताको सबलीकरणका लागि संविधानले प्रदत्त गरेका अधिकार प्रदेशमा प्रत्यायोजन गर्नुपर्ने बताएका छन ।

मुख्यमन्त्री आचार्यले प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा सोमवार आयोजित राष्ट्रियसभा र प्रदेशसभाका सदस्यहरूबीचको समन्वय बैठकलाई सम्बोधन गर्दै संविधान प्रदत्त अधिकारमा सङ्कुचन आउन नदिनेगरी प्रदेशमा अधिकारको प्रत्यायोजन हुनुपर्ने धारणा व्यक्त गरे ।

'संविधानले प्रदत्त गरेका जुन अधिकारहरू छन्, ती अधिकारहरू सङ्घीय सरकार वा सङ्घीय संसद्बाट प्रत्यायोजन गर्न जनप्रतिनिधिहरूको महत्त्वपूर्ण भूमिका आवश्यक छ भन्ने मैले बुझेको छु', उनले भने, 'त्यो भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।'

सङ्घीय सरकारले समानीकरण अनुदानको रकम नपठाउँदा प्रदेशले वित्तीय समस्या भोगिरहेको मुख्यमन्त्री आचार्यले बताए । 'गत वर्ष नै समानीकरण अनुदान बापतको ठूलो रकम आएन । जसले गर्दा अहिले पनि प्रदेशले वित्तीय सङ्कट भोग्नुपरेको छ', मुख्यमन्त्री आचार्यले भने, 'संविधानले समानीकरण अनुदान सुनिश्चित गरेको छ । तर, यही विषयमा रकम कटौती हुने, नआउने जस्ता समस्याले प्रदेशले अघि बढाएका विकास निर्माणका योजनामा प्रभाव पारेको छ ।'

यस्तै, लुम्बिनी प्रदेशले कानुन निर्माण र कार्यान्वयनलाई प्राथमिकतामा राखेर अघि बढेको र सङ्घीय संसद् तथा प्रदेशसभा सदस्यहरूबीच कानुन निर्माण, कार्यान्वयनलगायत संसदीय अभ्यासको प्रभावकारिताका लागि निरन्तर समन्वय र सहकार्य आवश्यक रहेको पनि उनले स्पष्ट पारे ।

सभामुख तुलाराम घर्ती मगरको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रियसभाकी उपाध्यक्ष विमला घिमिरे, लुम्बिनी प्रदेशका मन्त्रीहरू, राष्ट्रियसभा तथा प्रदेशसभाका सदस्यहरूको सहभागिता रहेको थियो ।रासस

# प्राणीशास्त्री चालिसेको 'उमेरिँदाको कथा र व्यथा' सार्वजनिक

**काठमाडौँ ।**
प्राणीशास्त्री प्रा डा मुकेशकुमार चालिसेद्वारा लिखित पुस्तक 'उमेरिँदाको कथा र व्यथा' सार्वजनिक भएको छ ।

पुस्तकमा मानिसलाई बुढ्यौली लागेपछि हुने एक्लोपना र मानसिक स्वास्थ्य समस्याका बारेमा सामग्री छन् । पाका मानिसमा बुढ्ौली लागेसँगै विभिन्न किसिमका समस्या आउँछन्, पुस्तकमा त्यसलाई समाधान गर्ने उपायमाथि प्रकाश पारिएको लेखक चालिसेले जानकारी दिए ।

'बुढ्यौलीमा स्वास्थ्य समस्या आउँदा कतिपय मानिस निराश भइरहेका हुन्छन्, त्यस्तोमा स्वयम्ले कसरी आत्मबल बढाउने भन्ने विषयमा पुस्तकमा चर्चा गरिएको छ,' उनले भने । उमेर बढ्दै गएका पाकाले आफैँलाई दया गरौँ, पाका मान्छेमा छटपटीका कारण, साइटिका थामथुमका पाँच सूत्रे उपाय, पाका मानिसमा पिनासका समस्या र उमेर बढेकामा टाउका दुख्नाका कारण लगायत २८ वटा लेख पुस्तकमा समावेश गरिएको छ ।रासस

# अपाङ्गता भएकालाई सहायक सामग्री अभाव

**कञ्चनपुर ।**
यहाँको शुक्लाफाँटा नगरपालिकाका अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री अभाव देखिएको छ । सहायक सामग्री अभावमा अपाङ्गता भएका व्यक्तिहरुलाई हिँड्डुल गर्न समस्या भएको छ । महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको साझेदारीमा राष्ट्रिय अपाङ्ग महासङ्घको समन्वयमा आइतबार आयोजजित स्थानीय तह, अपाङ्गता भएका व्यक्तिहरुका संस्था र नागरिक समाजका प्रतिनिधिहरुलाई अपाङ्गता समावेशी विकाससम्बन्धी अभिमुखीकरण कार्यक्रमका सहभागीले सहायक सामग्री अभाव हँुदा कष्ट सहनुपरेको गुनासो गरे ।

अपाङ्ग एकता समाज नेपालका अध्यक्ष हरिदत्त भट्टले नौ वर्षअघि दातृ निकायले उपलब्ध गराएका ह्विलचेयर, ट्राइसाइकललगायत सहायक सामग्री बिग्रिएर कामै नलाग्ने भएको गुनासो गरे ।'दातृ निकायले प्रदान गरेका ती सहायक सामग्री बिग्रिँदा मर्मत हुन सकेका छैनन', उनले भने, 'पाटपूर्जा पाइँदैनन्, त्यसपछि कुनै निकायबाट सहायक सामग्री उपलब्ध हुन सकेको छैन ।' नगरपालिकाले केही अपाङ्गता भएका व्यक्तिहरुलाई ह्विलचेयरलगायत सहायक सामग्री उपलब्ध गराए पनि टिकाउ नभएको उनको भनाइ छ ।

स्थानीय तहमा सर्वदलीय संयन्त्र हुँदा अपाङ्गता भएका व्यक्तिहरुका लागि केही बजेट विनियोजन हुने गरेको स्मरण गर्दै जनप्रतिनिधि आएपछि बजेट विनियोजन रोकिएको बताए । 'स्थानीय तहले समानुपातिक तरिकाले बजेट विनियोजन गर्नु पर्दथ्यो, त्यो हुन सकेको छैन', उनले भने, 'हामीमाथि विभेद छ ।' स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुका लागि गठन हुने समितिको कार्यदलमा सदस्य भए पनि पटकपटक अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री, आयआर्जन, सीपमूलक कार्यक्रमका लागि तीन÷तीन पटक प्रस्ताव लगेर दर्ता गर्दा सुनवाइ हुन नसकेको उनको भनाइ छ ।

उनीहरुलाई आवश्यकता आधारमा सेतो छडी, वैशाखी, लठ्ठी, कम्मरमा बाँध्ने पेटी, क्यालिफर, कुहिनो मुनीको हात, घुडा मुनीको कृत्रिम खुट्टा, ह्विल चियर, ट्राइसाइकल, विशेष जुत्तालगायत सामग्रीको व्यवस्था गरिदिन उनले आग्रह गरे । अपाङ्गता भएका व्यक्तिहरुका पक्षमा वकालत गर्दै आउनुभएका कालीप्रसाद चौधरीले मापदण्ड अनुरुपका अपाङ्गमैत्री सरकारी संरचना नहुँदा अपाङ्गता भएका व्यक्तिलाई सेवा लिन सङ्घर्ष गर्नुपरेको बताए ।

अपाङ्गता भएका छात्रछात्रालाई विशेष छात्रवृत्तिको व्यवस्थासँगै सार्वजनिक यातायातका साधनमा छुटको व्यवस्था गरिनुपर्ने भए पनि त्यो हालसम्म कार्यान्वयन नभएको चौधरीले बताए । नगर उपप्रमुख कल्पनाकुमारी जोशी पन्तले नगरपालिकाको नयाँ बन्ने भौतिक संरचनालाई अपाङ्गमैत्री बनाउन लागिएको जानकारी दिए ।

'जनप्रतिनिधि भएर आएपछि बजेट भ्याएसम्म र आफ्नै प्रयासमा अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण गरिदै आएको छ', उनले भने, 'सबैलाई पु¥याउन सकेका छैनौँ, क्रमशः मागका आधारमा वितरण गर्छौं ।'

नगरपालिकाको सामाजिक विकास समितिका संयोजक रमेशबहादुर ऐरले अपाङ्गता भएका व्यक्तिसहित अन्य लक्षित वर्गका लागि सीपमूलक, नेतृत्व विकास, क्षमता विकाससम्बन्धी कार्यक्रम आयोजना हुँदै आएको उल्लेख गरे ।

वडा नं १ का वडाध्यक्ष उत्तरदेव भट्टले समावेशिताको सिद्धान्तलाई अङ्गिकार गरी अपाङ्गता भएका व्यक्तिहरुको हकअधिकार स्थापित गरिनुपर्ने बताए । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन २०७४ पूर्णरुपमा कार्यान्वयन नहँुदा अपाङ्गता भएका व्यक्तिहरु हकअधिकार पाउनबाट वञ्चित हँुदै आएको सुदुरपश्चिम विश्वविद्यालयका उपप्राध्यापक यज्ञराज पाण्डेयले बताए ।

शुक्लाफाँटा नगरपालिकाको कूल जनसङ्ख्या ५३ हजार नौ सय ६९ मध्ये अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या एक हजार पाँच सय ११ रहेको छ । रासस

# 'फोहरबाट मोहर' कमाउँदै स्नातक गरेका युवा

**पाल्पा ।**
हाम्रै भान्सा, घर, अफिस, स्कुल, कलकारखानाबाट दिनहुँ फोहर निस्कन्छ । यसलाई कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने धेरैलाई चिन्ता छ । कसैलाई यो चिन्ताको विषय बनिरहँदा कोही फोहरमै भविष्य देख्नेहरू पनि छन् ।

यहाँको तानसेन नगरपालिका–६ पदमेटारीका तीन दाजुभाइले विगत पाँच वर्ष यता फोहरमा मोहर खोज्दै छन् । यहाँका सुशील, उमेश र टार्जन भण्डारीले तानसेन–७ लामिडाँडामा नेप्लिज वेस्ट बैंक नै सञ्चालन गरी फोहरबाट मोहर खोज्दै आएका हुन् ।

तानसेन बजारबाट दैनिक निस्कने फोहरले बजार प्रदूषित भइरहेका बेला बजारलाई स्वच्छ र सफा राख्ने हेतुले तीन दाजुभाइ मिलेर कवाडी सङ्कलन र प्रशोधित गरी आम्दानी लिइरहेका छन् । उनीहरुले उद्योग दर्ता गरी केही युवाहरूलाई रोजगारीसमेत प्रदान गरेका छन् । उनीहरुले कागज, कार्टुन, किताब, कापी, फलामका टुक्रा, सिसा, बोतल जस्ता प्रयोगविहीन वस्तुहरु सङ्कलन गरी प्रशोधन गरेर आम्दानी गरिरहेका छन् ।



तीनै दाजुभाइले स्नातक सम्मको अध्ययन गरेका छन् ।

सुशील जसले मेकानिक्स डिप्लोमा सकेर हाल स्नातक गर्दै छन उमेशले विएस्सी सकेर हाल एमए इकोनमिक्समा अध्ययनरत छन र टार्जनले विविए पूरा गरिसक्नुभएको छ । तर उहाँहरुमा न विदेश जाने सोच छ नत सरकारी जागिर नै । तीन दाजुभाइको एउटै सोच छ तानसेनलाई फोहरमुक्त सहर बनाउने । सङ्कलित कवाडी वस्तुहरुको वर्गीकरण गरी उनीहरुले भैरहवा, काठमाडौँ, वीरगञ्जलगायत ठूला सहरका रिसाइकल कम्पनीमा पठाउने गरेको सञ्चालक उमेश भण्डारीले बताए । केही वस्तुहरु भने आफैँ रिसाइकल गर्ने गरेको उनको भनाइ छ । उनीहरुले कवाडी सङ्कलनबाटै वार्षिक ३० देखि ५० लाखसम्म कमाइ गर्दै आएका छन् । कवाडी सङ्कलनका लागि उनीहरुले छ जनालाई रोजगारी दिएका छन् । यहाँ तीन जना नेपाली र तीन जना भारतीय नागरिकले रोजगार पाएका छन् ।

सुरुमा पढेका युवाहरुले फोहर सङ्कलन गर्ने काम गर्छन् भन्दा धेरैले गिज्याएका थिए, तर अहिले उनीहरुको काम देखेपछि धेरैले प्रशंसा गर्न थालेका छन् । उमेश सुरुका दिन सम्झदै भन्छन, 'सुरुवातमा हामीलाई यो काम गर्न त्यति सहज थिएन, कसैले सोचेका थिएनन्, पढेका युवाले कवाडी सङ्कलन गरेर खालान भनेर, त्यति बेला नत स्थानीय सरकारले सहयोग ग–यो न त समाजमा कसैले साथ दिए । परिवारलाई बुझाउन गाह्रो भो, बरु हामीले फोहर सङ्कलन गरेको देखेर समाजका केही व्यक्तिहरूले त फलाम, प्लास्टिक, बोतल टिप्ने कवाडी भनेर गिज्याए ।'

पहिले–पहिले फोहर सङ्कलनका लागि उनीहरू ग्राहक खोज्दै हिँड्थे । तर, अहिले ग्राहक 'रिसाइकलर्स' खोज्दै उनीहरूसम्म आइपुग्छन् । प्रत्येक दिन दुई टनभन्दा बढी कवाडी सङ्कलन हुन्छ । सङ्कलन भएका फोहरलाई त्यसको प्रकारका आधारमा छुट्टाएर पुनः प्रशोधनका लागि सम्बन्धित कम्पनीसँग समन्वय गर्छन् । कवडीबाट प्राप्त आम्दानीबाट उनीहरुले तानसेन नगपालिकालाई कर बुझाउँदै आएका छन् ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# बजेटमा कमला पुललाई समेट्न सिरहावासीको माग

**सिरहा ।**
मधेशको 'लाइफ लाइन' मानिने हुलाकी सडकअन्तर्गत १४ वर्षदेखि निर्माणाधीन सिरहा र धनुषा जोड्ने कमला पुललाई आगामी बजेटमा समेट्न सिरहावासीले माग गरेका छन् । समयमै पक्की पुल सम्पन्न गर्न आफूहरूले पटक–पटक आग्रह गर्दा पनि सरकारले बेवास्ता गरेको उनीहरूले गुनासोसमेत गरेका छन् । सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यादवले आगामी जेठ १५ गते सङ्घीय संसद्मा प्रस्तुत हुने आर्थिक वर्ष २०८२÷८३ को बजेटमा कमला पुललाई समेटी स्रोतको सुनिश्चित नगरेमा जनकपुरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि पुनः अनशन बस्न बाध्य हुने चेतावनी दिए । गतवर्ष अनशन बसेका सिरहाका युवासँग भएको सहमति पनि मधेश–प्रदेश सरकारलेसमेत कार्यन्वयन नगरेको उनको भनाइ छ । 'गत वर्षनै मधेश–प्रदेश सरकारले कमला पुल यथाशीघ्र सम्पन्न गर्न केन्द्रीय सरकारसँग ठोस् पहल गर्ने सहमति भएको थियो । तर, त्यो पालना भएन । केन्द्र सरकारबाट निरन्तर उच्चस्तरिय निरीक्षण हुने तर पुल नबन्ने शृङ्खला दोहोरिरह्यो', वडाध्यक्ष यादवले भने, 'अब आश्वासनको होइन, काम देखाउने बेला आएको छ । सरकारले कमला पुलको विषयलाई गम्भीरतापूर्वक



लिएन भने पुनः अनशनमा बस्न बाध्य हुनेछौँ ।' मधेशको जीवनरेखासँग प्रत्यक्ष गाँसिएको विषयलाई सङ्घीय सरकारले बेवास्ता गरिरहेको उनले आरोप लगाए । पुल निर्माण सङ्घर्ष समिति गठन गरी विगतदेखि स्थानीयवासी चरणबद्ध आन्दोलन गर्दै आएका छन् । स्थायी पुल नहुँदा सिरहा र धनुषाका सीमावर्ती बस्तीका हजारौँ नागरिकलाई दैनिक आवातजावतमा सास्ती भोग्दै आउनुपरेको सङ्घर्ष समितिका संयोजक इञ्जीनीयर प्रवीण यादवले बताए । उनले भने, 'कमला नदीले बर्सेनि यहाँका बासिन्दालाई सास्ती दिँदै आएको छ । अस्थायी काठको पुल पनि वर्षामा आएको नदीको भेलले बगाएर लैजान्छ । जसले गर्दा यहाँका नागरिकको आवतजावत नै बन्द हुने समस्या छ । यो समस्यालाई गम्भीरतापूर्वक लिन र बजेट सुनिश्चित गर्न सरकारसँग म जोडदार माग गर्दछु ।' पुल अलपत्र परेपछि गत वर्ष २०८१ को भदौ महिनामा सिरहाका १० जना युवा अभियान्ता नयाँ पुल निर्माण प्रक्रिया थाल्न माग गर्दै जनकपुरस्थित मुख्यमन्त्री कार्यालय अगाडि हप्तादिनसम्म आमरण अनशनमा बसेका थिए । नयाँ कमला पुलको निर्माण गर्ने र त्यसका लागि सङ्घीय सरकारसमक्ष पहल गर्ने र नभए सम्पूर्ण बजेट मधेश प्रदेश सरकारको स्रोतबाट ब्यहोर्नेलगायत चार बुँदे सहमतिकासाथ अनशन तोडिएको थियो । 'सो सहमति कुनैपनि पालना नभएकाले अब पुनः अर्को आन्दोनमा उत्रिनुपर्ने अवस्था देखिँदै छ । पूर्व प्रतिबद्धता अनुसार यसपाली बजेटमा कमला पुल निर्माणको सुनिश्चितता हुनुपर्छ । नभए हामी सशक्त आन्दोलनमा उत्रिन्छौँ,' गतवर्ष अनशन बसेका अभियन्ता शैलेस यादवले भने । यसबीचमा गृहमन्त्री रमेश लेखकले गत शुक्रबार कमला पुलको स्थलगत निरीक्षण गरेका थिए । सो क्रममा उनले पुल निर्माणमा राज्यको कमजोरी भएको स्वीकार गर्दै अहिलेको सरकार यसप्रति गम्भीर रहेको बताउँदै पुल पुनःनिर्माण यथाशीघ्र गराउन आफूले पहल गर्ने बताएका थिए । यता, पुल निर्माण कम्पनी 'लुम्बिनी विल्डर्स'ले गत चैत महिनादेखि पुल पुनःनिर्माणको काम रोकेपछि ठेक्का सम्झौता तोड्ने तयारी थालिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ । निर्देशनालयका अनुसार आगामी असार मसान्तसम्म भासिएको पुलको पुनःनिर्माण सम्पन्न गरिसक्ने गरी अन्तिम पटकलाई ठेक्का सम्झौता भएको थियो । यसअघि निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवाद उच्च अदालत पाटनसम्म पुगेको थियो । पुल निर्माणको क्रममा पुलको दुईवटा पाएर भासिएपछि निर्माण कम्पनीले बिमाबापतको रकम दाबी गरेको थियो । हालसम्म उक्त विवाद निरूपण भइनसकेको निर्माण पक्षले जनाएको छ । विसं २०६८ जेठ ३१ गते तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो । तर, पटक–पटक म्याद थपेर १४ वर्ष गुज्रिदा पनि पुल निर्माणको काम अधुरै छ । 'पप्पु कन्ट्रक्सन'ले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल १० वर्षसम्म अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम 'लुम्बिनी बिल्डर्स'ले गर्दै आएको थियो । यसैबीचमा अन्तिम पटकका लागि २०८२ असारसम्मको थपिएको म्याद पनि त्यत्तिकै गुज्रिएको छ । पुल नबन्दा सिरहा र सप्तरीका मानिसलाई प्रदेश राजधानी जनकपुर आउँजाउ गर्न भारतीय बजार जयनगर वा एक सय तिरेर डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ । त्यस्तै, आधा घण्टाको बाटोलाई मिर्चैया, ढल्केवर हुँदै करिब तीन घण्टा लामो घुमाउरो यात्रा गर्नुपर्ने हुन्छ । तराई–मधेशको 'लाइफ लाइन'का रूपमा हेरिएको हुलाकी सडक मधेश–प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना हो । रासस

# मिथिलाञ्चलमा नारीशक्तिको पर्व 'वटसावित्री' हर्षोल्लासका साथ मनाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाञ्चलमा सोमबार महिलाहरूले आस्था, प्रेम र पारिवारिक समर्पणको पर्व वटसावित्री हर्षोल्लासका साथ मनाएका छन् । विवाहित महिलाहरूले आफ्नो पतिको दीर्घायु, सन्तान सुख र पारिवारिक समृद्धिको कामनासहित व्रत बसी वटवृक्ष (बरको रुख)को पूजन गरेका हुन् ।

बिहानैदेखि विभिन्न ठाउँका वरको बोट मुनि पूजाआजा र कथावाचनका लागि महिलाको भीड लागेको थियो । परम्परागत लुगा—सजावटमा सजिएका महिलाहरूले सुतीको धागो बाँधेर व्रत कथा सुन्नुका साथै सावित्री–सत्यवानको कथालाई पुनः स्मरण गरेका थिए । यो पर्व नवविवाहित महिलाहरूका लागि विशेष अर्थ राख्छ । मिथिला संस्कृतिअनुसार उनीहरूलाई बेहुलाको घरबाट पूजासामग्रीसहित पाहुर पठाउने चलन रहेको छ । नयाँ सारी, चुरा, लिपिस्टिक, महादेउरी, सिन्दुरलगायत श्रृङ्गारका सामग्रीसहित महिलाहरूले पूजाको तयारी गरेका थिए ।

वटसावित्री पर्व केवल धार्मिक कर्मकाण्डमा सीमित नभई यसले नारीत्वको शक्ति, समर्पण र धैर्यताको आदर्श स्वरूप सावित्रीको स्मरणमार्फत महिलाहरूमा आत्मबल भरिदिन्छ । सावित्री, जसले यमराजबाट आफ्नो मृत पति सत्यवानको प्राण फिर्ता ल्याइन्, आज पनि महिलाहरूका लागि श्रद्धा र प्रेरणाको पात्र बनेकी छन् ।

बरको बोटलाई हिन्दु धर्ममा विष्णु, ब्रह्मा र महेश तीनै देवताको वासस्थल मानिन्छ । बरको रुख दर्शन, पूजा र कथा श्रवणबाट मनोकामना पूरा हुने जनविश्वास छ । साथै, यो रुख दीर्घायु, अमरत्व र ज्ञानको प्रतीकको रूपमा पनि पूजा गरिन्छ । बौद्ध परम्परामा भगवान बुद्धले ज्ञान प्राप्त गरेको वृक्षको रूपमा यसले अझ गहिरो आध्यात्मिक अर्थ राख्दछ । वटसावित्रीले पारिवारिक सम्बन्धलाई मजबुत बनाउने र सामाजिक ऐक्यबद्धता बढाउने सन्देश दिन्छ ।

# मधेशमा ३२० किलोमिटर कालोपत्रे सडक निर्माणको तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले भौतिक पूर्वाधार सुदृढीकरणलाई प्राथमिकता दिँदै 'एक निर्वाचन क्षेत्र, एक कालोपत्रे सडक' अभियानअन्तर्गत प्रदेशभर ३२० किलोमिटर नयाँ कालोपत्रे सडक निर्माणको तयारी पूरा गरेको छ । दोस्रो चरणमा सञ्चालन हुने यो योजना प्रत्येक ६४ प्रदेशसभा निर्वाचन क्षेत्रमा पाँच–पाँच किलोमिटर सडक निर्माण गर्ने लक्ष्यसहित अघि बढाइएको हो । प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज यादवले योजना कार्यान्वयनका लागि आवश्यक सबै प्रशासनिक प्रक्रिया सम्पन्न भइसकेको बताए । निर्माणका लागि १३ अर्ब ५० करोड रुपैयाँ विनियोजन



गरिएको छ भने जेठ १८ गते प्रदेशका सबै ६४ स्थानमा एकैपटक सडक शिलान्यास गर्ने तयारी थालिएको उनले बताए । मन्त्री यादवका अनुसार शिलान्यास मिति लगभग तय भइसकेको छ । तर, सो कार्यक्रम कसले गर्ने भन्ने विषयमा टुङ्गो लागेको छैन । प्रधानमन्त्री केपी शर्मा ओली वा अन्य संघीय विशिष्ट व्यक्तित्वमार्फत शिलान्यास गराउने विषयमा छलफल चलिरहेको छ । मन्त्री यादवले सडक सञ्जाल विस्तारसँगै ग्रामीण क्षेत्रहरूलाई शहरी बजारसँग जोड्ने, कृषि उत्पादनलाई बजारसम्म सहज ढुवानी गर्ने, आपतकालीन सेवाहरू सरल ढंगले पुर्याउने र जनजीवनमा प्रत्यक्ष सुधार ल्याउने सरकारको उद्देश्य स्पष्ट पारे । 'सडक निर्माणले व्यापार, पर्यटन, रोजगारी र स्थानीय उद्योगमा सकारात्मक प्रभाव पार्नेछ,' उनले भने, 'गुणस्तरमा कुनै सम्झौता हुने छैन ।' सडक पूर्वाधार योजनामा अर्को महत्त्वपूर्ण पाटो भनेको मधेश सहिद लोकमार्ग हो। पर्सादेखि सप्तरीसम्म ३१० किलोमिटर लामो यो प्रस्तावित सडक पूर्वपश्चिम र हुलाकी राजमार्गको बीच भागबाट निर्माण गरिनेछ । यो मार्ग दुई लेनको हुनेछ र भविष्यमा स्तरोन्नति गर्न सकिने आधारमा निर्माण गरिनेछ । मन्त्री यादवका अनुसार लोकमार्ग निर्माणको सम्भाव्यता अध्ययन पूरा भइसकेको छ । चालु आर्थिक वर्षभित्रै टेन्डर प्रक्रिया सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

# सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्यमा मधेश प्रदेशको प्रतिबद्धता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्य अनुरूप मधेश प्रदेशमा लागू गरिएको १० वर्षे रणनीतिक योजना कार्यान्वयनको अवस्था, चुनौती र आगामी मार्गचित्रबारे समीक्षा गर्न जनकपुरधाममा सोमबार प्रदेशस्तरीय कार्यक्रम सम्पन्न भएको छ । प्लान इन्टरनेशनल नेपालअन्तर्गत सञ्चालित 'सशक्त बालिका परियोजना' को आयोजनामा भएको कार्यक्रममा धनुषाको स्थानीय साझेदार संस्था जानकी महिला जागरण समाजसहित अन्य सहभागी संस्थाहरूको उल्लेखनीय उपस्थिति थियो । कार्यक्रम बालविवाह अन्त्यका लागि जारी रणनीति (२०७८) को प्रभावकारी कार्यान्वयनका पक्षमा केन्द्रित रह्यो । धनुषा जिल्लाका सबैला, शहीदनगर, विदेह, कमला र जनकनन्दिनी नगरपालिकामा सञ्चालन भइरहेको परियोजनाले बालिकाहरूको सशक्तीकरण, जनचेतना तथा स्थानीय नेतृत्वको क्षमताविकासलाई प्राथमिकतामा राखेको छ । कार्यक्रममा सहभागीहरूले स्थानीय तह, समुदाय तथा अभिभावकलाई समेटेर बालविवाह रोकथामका लागि बहुआयामिक पहल आवश्यक रहेको सुझाव प्रस्तुत गरे । कमला नगरपालिकाका नगरप्रमुख विशेश्वर यादवले बालविवाहको जरा सामाजिक कुरीति, अशिक्षा र दहेज प्रथामा रहेको स्पष्ट पारे । 'जबसम्म समाजबाट यस्ता परम्परागत सोचको अन्त्य हुँदैन, तबसम्म बालविवाह अन्त्य गर्न सकिँदैन,' उनले भने ।

उनका अनुसार विद्यालय शिक्षामा पहुँच, जनचेतनामूलक कार्यक्रम र स्थानीय नेतृत्वको सक्रिय संलग्नता नै यस समस्याको दीर्घकालीन समाधान हुन् । कार्यक्रममा सहभागी विभिन्न तहका सरोकारवालाहरूले 'विवाह बारी २० वर्ष पारि' भन्ने नारासहित हस्ताक्षर अभियानमा सहभागिता जनाउँदै बालविवाह अन्त्यका लागि व्यक्तिगत र संस्थागत प्रतिबद्धता व्यक्त गरे । स्थानीय प्रतिनिधि, शिक्षक, सामाजिक अभियन्ता, महिला समूह तथा युवाहरूको सहभागिता अभियानलाई बलियो बनाउने विश्वास लिइएको छ ।

# पालिकाहरूबीच स्वास्थ्य अनुभवको आदानप्रदान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनताको स्वास्थ्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउन स्थानीय तहहरू अझ बढी जिम्मेवार र सक्रिय हुनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । जनकपुरधाममा आयोजित एक नीति संवाद कार्यक्रममा सहभागी विभिन्न स्थानीय सरकार प्रमुखहरू, स्वास्थ्य शाखाका प्रमुखहरू तथा जिल्ला स्वास्थ्य कार्यालयका प्रतिनिधिहरूले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा विस्तारमा बजेट, संरचना र जनशक्तिको सुनिश्चितता अपरिहार्य रहेको बताएका हुन् ।

नेपाल सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालयको उपचारात्मक महाशाखा टेकु तथा विश्व स्वास्थ्य संगठनको सहयोगमा आयोजित कार्यक्रममा मधेश प्रदेशका विभिन्न पालिकाहरूका प्रमुखहरूले आफ्ना क्षेत्रका प्रयास र चुनौतीबारे खुलस्त रूपमा अनुभव आदानप्रदान गरे ।

कार्यक्रमको उद्देश्य जनताको जीवनसँग प्रत्यक्ष जोडिएको स्वास्थ्य सेवामा सुधार ल्याउने योजना, नीति र अभ्यासबारे साझा धारणा बनाउनु रहेको थियो ।

लहान जिल्लाको हरिवन नगरपालिका स्वास्थ्य सेवा प्रवाहमा लगातार उत्कृष्ट उदाहरण बन्दै आएको छ । नगरप्रमुख रमेश बुढाथोकीका अनुसार नगरका सबै वडाका ३ हजार १०० ज्येष्ठ नागरिकलाई नियमित रूपमा निःशुल्क प्रेसर, सुगर, थाईराइड तथा कोल्ड स्टोरेज औषधि प्रदान गरिँदै आएको छ । त्यस्तै, पालिकाले घरदैलो उपचार, मासिक स्वास्थ्य शिविर तथा सम्पूर्ण नगर क्षेत्रमा निःशुल्क सेनेटरी प्याड वितरण गर्दै आएको छ । बुढाथोकीले यस्तो कार्यलाई दिगो बनाउन अझ बजेट र जनशक्तिको आवश्यकता रहेको बताए । पर्सा जिल्लाको पोखरीया नगरपालिकाका प्रमुख प्रधुम्न प्रसाद चौधरीले जनशक्ति अभाव तथा समयमै औषधि खरिद गर्न नसक्दा सेवाको प्रभावकारिता घटेको बताए । 'जनतालाई सेवा दिन इच्छाशक्ति भए पनि साधनस्रोतको सीमाले बाधा पुर्याइरहेको छ,' चौधरीले भने । यस्तै, सप्तरी जिल्लाको हनुमान नगरकंकालनी नगरपालिकाका प्रमुख विरेन्द्र माझीले नगरपालिका सबै उपायहरू अवलम्बन गर्दै आएको तर बजेट कटौतीका कारण स्वास्थ्य सेवा प्रवाहमा कठिनाइ भएको जनाए । 'हामी चाहेर पनि सबैमा सेवा पुर्याउन सकिरहेका छैनौँ,' माझीले दुखेसो पोखे । कार्यक्रममा स्वास्थ्य मन्त्रालयको उपचारात्मक महाशाखाका स्वास्थ्य निरीक्षक कमलेश मिश्रले यस्तो संवाद कार्यक्रमले स्थानीय तहका आवाजलाई केन्द्रसम्म पुर्याउन सहयोग पुर्याउने विश्वास व्यक्त गरे । उनले वर्तमानमा सरकारले ९८ प्रकारका औषधिहरू निःशुल्क रूपमा उपलब्ध गराइरहेको र आगामी आर्थिक वर्षका लागि आधारभूत तथा आकस्मिक सेवा बजेटमा प्राथमिकता दिइने विश्वास व्यक्त गरे । मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज न्यौपानेले निर्देशनालय स्थानीय तहसँग सहकार्य गरेर स्वास्थ्य सेवामा सुधार ल्याउन तत्पर रहेको बताए । 'जनताको स्वास्थ्य सुरक्षाका लागि पालिकाहरूको भूमिका केन्द्रीकृत शासनभन्दा प्रभावकारी देखिएको छ,' उनले भने ।

# दुई साँढेबीचको लडाइँमा परेर राइनको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकामा छाडा चौपायाको लापरवाह व्यवस्थापनले एक पुरुषको ज्यान लिएको छ । आइतबार राति जनकपुरधाम–७ का ५० वर्षीय सत्तार राइनको सडकमा दुई साँढे बीचको लडाइँमा परेर स्कुटर दुर्घटना हुँदा मृत्यु भएको हो ।

मधेश प्रदेश ०२–००७ प ९२६६ नम्बरको स्कुटरमा सवार राइन जनकपुरधाम–६ पेठियाबजारबाट प्रादेशिक अस्पतालतर्फ जाँदै गर्दा सडकमा जुधिरहेका दुई साँढेसँग ठोक्किँदै गम्भीर घाइते भएका थिए । राति साढे ८ बजेतिर भएको सो दुर्घटनापछि उनलाई तत्कालै नजिकको जानकी हेल्थ केयर लगिएको थियो । तर, चिकित्सकहरूले उनलाई मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बरुण बहादुर सिंहले जानकारी दिए ।

# सिरहा नगरपालिकामा अख्तियारको छापा

**मधेशदृष्टि**
**सिरहा ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सिरहा नगरपालिकामा छापा हानेको छ ।

अख्तियारको बर्दिबासस्थित कार्यालयको टोलीले सोमबार नगरपालिकामा छापा हानेको हो ।

टोलीले नगरपालिका कार्यालयबाट केही योजनाका कागजातहरू नियन्त्रणमा लिएको छ । यस्तै, केही योजनाहरूको स्थलगत निरीक्षण पनि गारिएको अख्तियारले जनाएको छ । अख्तियारका सूचना अधिकारीका अनुसार नगरपालिकाविरुद्ध अख्तियारमा उजुरी परेको छ ।

सोही उजुरीका आधारमा आवश्यक कुरा बुझ्न अख्तियारको टोली नगरपालिका पुगेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन